नीअप्र प्रकाशन सङ्ख्या ११०

# नेपालमा सामाजिक सद्भावः मधेसको सन्दर्भ

## सोचपत्र

नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute

काठमाडौं, नेपाल

# नेपालमा सामाजिक सद्भावः मधेसको सन्दर्भ

## सोचपत्र

चन्द्रकिशोर झा

नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute

काठमाडौं, नेपाल

नीअप्र सोचपत्र सङ्ख्या: ०१०

ISBN: 978-9937-9911-3-1 (Print)

ISBN: 978-9937-9911-4-8 (Electronic)

यस प्रकाशनमा अभिव्यक्त विचारहरू सम्बद्ध लेखकका हुन् । तिनले नीति अनुसन्धान प्रतिष्ठानका विचार र दृष्टिकोणको प्रतिनिधित्व गर्छन् नै भन्ने छैन ।

सर्वाधिकार © नीति अनुसन्धान प्रतिष्ठान, २०८२

यस प्रतिवेदनको कुनै पनि अंश नीति अनुसन्धान प्रतिष्ठानको लिखित स्वीकृतिविना व्यापारिक प्रयोजनका लागि पुनरूत्पादन, पुन:प्रकाशन, अनुलिपि यन्त्र वा त्यस्तै अन्य यन्त्रहरूमा सञ्चयन, प्रसारण तथा विद्युतीय, यान्त्रिक, प्रतिलिपि, रेकर्डिङ अथवा त्यस्तै कुनै माध्यमहरूमा प्रयोग गर्न पाइने छैन ।

उद्धरणका लागि : झा, चन्द्रकिशोर । (२०८२) । नेपालमा सामाजिक सद्भाव: मधेसको सन्दर्भ । नीति अनुसन्धान प्रतिष्ठान ।

लेआउट : सुविन उलक

प्रकाशन मिति : भदौ २०८२

प्रकाशन प्रति : ३००

नीति अनुसन्धान प्रतिष्ठान

नारायणहिटी, काठमाडौं, नेपाल

इमेल: info@pri.gov.np

वेब: www.pri.gov.np

फोन: +९७७-१-४५३०५१७/४५३४९७९

# प्राक्कथन

नेपाल सामाजिक विविधताले भरिएको बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक राष्ट्र हो । यो विविधता एकातर्फ नेपालको गहना हो भने विविधताबिचको सहअस्तित्व कायम राख्नु कुनै बखत चुनौतीपूर्ण पनि हुन सक्ने भएकाले यसको गाम्भीर्यतालाई मनन गर्न आवश्यक छ ।

समाजमा विविध कारणहरूले जातीय, धार्मिक र क्षेत्रीय तनाव हुने गर्दछ जसले गर्दा नै समाजमा विभाजन ल्याउने र समाजको स्थिरतामा चुनौती थपिने हुन्छ। यद्यपि, समुदायस्तरमा हुने सहभागितामूलक संवाद र अन्तरमिलन, समावेशी राज्य संयन्त्रको निर्माण र समान पहुँचको प्रत्याभूति तथा सामाजिक सचेतना र आर्थिक न्याय मार्फत विश्वासको पुनर्निर्माण गर्दै नेपाली समाज अगाडि बढिरहेको छ । यसमा संघ, प्रदेश र स्थानीय सरकारका जिम्मेवारीहरू तथा धार्मिक नेता, सामुदायिक अगुवा र नागरिक समाजको सक्रिय सहभागिताले थप सहजता सिर्जना गरेको छ । आम नेपाली जनताको सामाजिक चरित्र नै एकता, सद्भाव र सहिष्णुताको पक्षमा रहेको हुँदा नेपालजस्तो विविधतापूर्ण मुलुकमा पनि सामाजिक सद्भाव कायम गर्न असहज अवस्था छैन ।

यसै परिप्रेक्ष्यमा “नेपालमा सामाजिक सद्भावः मधेसको सन्दर्भ” शीर्षकको यस सोचपत्रले विशेष गरी तराई-मधेसका सामाजिक समस्याहरू तथा विभेद, बहिष्करण र त्यसले उत्पन्न गरेको सामाजिक तनावको अवस्थालाई विश्लेषण गरेको छ। सामाजिक सद्भाव कायम गर्न सहिष्णुता, समावेशी नीति र सहभागितामूलक संरचनाको विकास अनिवार्य हुन्छ । द्वन्द्वलाई शान्ति र अवसरमा बदल्न, सहअस्तित्वलाई प्रोत्साहन गर्न र नेपाली समाजको विविधतालाई सामाजिक शक्तिमा रूपान्तरण गरी समाज र राष्ट्रको विकास गर्न यस सोचपत्रले केही ठोस र रणनीतिक उपायहरू प्रस्तुत गरेको छ । मधेसको सन्दर्भमा सामाजिक सहिष्णुता र सद्भावलाई अभिवृद्धि गर्न यसले प्रभावकारी सुझावहरू समेत प्रस्ताव गरेको छ ।

प्रा.डा. लेखनाथ शर्मा
कार्यकारी अध्यक्ष
२०८२ भदौ

# कृतज्ञता

यस सोचपत्रका लेखक चन्द्रकिशोर झाप्रति नीति अनुसन्धान प्रतिष्ठान हार्दिक आभार व्यक्त गर्दछ। अध्ययनको क्रममा आवश्यक मार्गदर्शन गर्नुका साथै प्रारम्भिक मस्यौदा प्रतिवेदनको समीक्षा समेत गरेर सुधारका लागि पृष्ठपोषण प्रदान गर्नुहुने नीति अनुसन्धान प्रतिष्ठान विकास समितिका पूर्वसदस्य प्रा.डा. सुरेन्द्र लाभ कर्णप्रति प्रतिष्ठान कृतज्ञता ज्ञापन गर्दछ। साथै, यस लेखको सुधारमा विशेष योगदान गर्नुहुने प्रतिष्ठानका अध्येताहरू डा. हरि शर्मा न्यौपाने, गोपाल आचार्य र सोनिया बस्याल तथा सहयोगी भूमिकाको लागि नीलमणि लामा र ज्योति लुइँटेलप्रति पनि प्रतिष्ठान विशेष आभारी छ।

यस सोचपत्रको भाषा सम्पादन गर्नुहुने प्रतिष्ठानका अध्येताद्वय दिपेन्द्र प्रसाद पन्त र डा. मोहन कुमार शर्मा एवम् पुस्तकको ग्राफिक-डिजाइन गर्नुहुने सुविन उलकलाई पनि प्रतिष्ठान विशेष धन्यवाद ज्ञापन गर्दछ।

# विषय सूची

**प्राक्कथन** i

**कृतज्ञता** iii

**कार्यकारी सारांश** vii

**परिच्छेद १**
**परिचय** **१**

१.१ इतिहासमा सद्भाव १

१.२ समाजमा देखिने सद्भाव ४

१.३ सोचपत्रको उद्देश्य र रूपरेखा ६

**परिच्छेद २**
**मधेसको सन्दर्भ** **७**

२.१ सीमा वारिपारिको सम्बन्ध ७

२.२ काठमाडौँ र मधेसीको साइनो ८

२.३ पहाडी र मधेसी बासिन्दाबिचको बन्धुत्व ९

**परिच्छेद ३**
**सामाजिक सद्भावको बहस** **१३**

३.१ साझा सरोकार १३

३.२ लेखन तथा सूचना प्रवाह १५

३.३ संवादको सुरुआत १६

**परिच्छेद ४**
**छलफलको विषयवस्तु** **१९**

४.१ भुइँ तहमा भोगिएको सत्य १९

४.२ राष्ट्रिय एकताको सन्दर्भमा पुनर्वितरण तथा पहिचानको प्रश्न २०

४.३ सद्भावको बुझाइ २२

**परिच्छेद ५**
**चुनौती र सुझावहरू** **२५**

५.१ सामाजिक सद्भावसम्बद्ध चुनौतीहरू २५

५.२ नेपालमा सामाजिक सद्भाव अभिवृद्धिका लागि सुझावहरू २६

**परिच्छेद ६**
**निष्कर्ष** **२९**

**सन्दर्भग्रन्थ सूची** **३१**

# कार्यकारी सारांश

नेपाल एउटा बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देश हो, जसको मुख्य विशेषता यहाँको सामाजिक सद्भाव हो । यद्यपि, मुलुकमा बेलाबेला देखापर्ने जातीय, धार्मिक, क्षेत्रीय र सांस्कृतिक विभेद तथा सामाजिक तनावका घटनाहरूले यस्तो सद्भावलाई चुनौती पनि दिने गरेका छन् । विशेष गरी तराई-मधेसका क्षेत्रमा जातीय पहिचानको विषयमा र समावेशीताको माग गर्दै विगतमा विभिन्न आन्दोलनहरू भए ।

यस सन्दर्भमा, नेपालमा सामाजिक सद्भाव सम्बन्धमा विशेष गरी मधेसको सन्दर्भ समेटेर तयार गरिएको यस सोचपत्रले सामाजिक विविधताको व्यवस्थापन र सहअस्तित्वका लागि मार्गनिर्देश गर्ने महत्त्वपूर्ण अभिव्यक्ति प्रस्तुत गरेको छ। सिमित सन्दर्भ सामाग्रीको अध्ययन र अनौपचारिक अन्तरक्रिया र छफफलजस्ता विधिको प्रयोग गरी यो लेख तयार पारिएको हो । त्यसैले, यसमा रहेका अधिकांश विषयवस्तुहरू लेखकीय अनुभव र भोगाइका प्रतिविम्ब हुन् ।

यस आलेखले सामाजिक विविधताको सही व्यवस्थापनको अभावले द्वन्द्व उत्पन्न हुने जोखिम बढाएको व्यक्त गर्दै जातीय, धार्मिक र सांस्कृतिक आधारमा हुने विभेद तथा बहिष्करण सामाजिक असन्तोषको प्रमुख कारणका रूपमा रहेको सङ्केत गरेको छ । यसमध्ये पनि मधेस क्षेत्रमा देखिएको असन्तोषको प्रमुख कारण राज्य संयन्त्रमा पहुँच र प्रतिनिधित्वको कमी हो । मधेसी समुदायले आफूहरूलाई राज्यबाट अलग्गिएको महसुस गरेका छन् भन्ने यस सोचपत्रले विश्लेषण गरेको छ। राज्यले मधेसलाई स्रोत र साधनका रूपमा मात्र उपयोग गरेको तर स्थानीय समुदायका समस्यालाई सम्बोधन गर्न यथोचित चासो नदेखाएको अवस्था विद्यमान रहेको देखिन्छ ।

सीमाञ्चलको सन्दर्भमा, नेपाल-भारत सीमा क्षेत्रको खुलापनले सांस्कृतिक र आर्थिक अन्तरनिर्भरता कायम गरे तापनि राज्यको उपेक्षाले सामाजिक तनाव भने बढाएको छ । यस क्षेत्रमा रहेका केही समुदायका मानिसहरूले राज्यबाट मान्यता नपाएको तथा नागरिकको रूपमा सम्बोधन नगरेको महसुस गरेको पाइएको छ, जसले अन्ततः राष्ट्रिय एकताको भावना कमजोर पार्ने सम्भावना रहन्छ ।

समावेशीकरणको अभाव, आर्थिक असमानता र परस्पर विश्वासको कमी सामाजिक सद्भावका लागि प्रमुख चुनौतीका रूपमा देखिएका छन् । राज्यको नीति निर्माण प्रक्रियामा सबै समुदायको समान प्रतिनिधित्व सुनिश्चित गर्न नसक्नुले सामाजिक विभाजनलाई अझ बलियो बनाएको छ । आर्थिक अवसरको असमान वितरणले गरीबी र असन्तोषलाई झन् बढावा दिएको देखिन्छ ।

त्यसैले, उल्लिखित अवस्थामा थप सुधार गरी नेपालमा सामाजिक सद्भावको अभिवृद्धिका लागि समावेशी नीतिको पूर्ण र यथार्थपरक कार्यान्वयन मार्फत जातीय, धार्मिक र क्षेत्रीय विविधतालाई आत्मसात् गर्दै राज्यको मूलप्रवाहमा प्रतिनिधित्व सुनिश्चित गर्न मौजुदा नीतिगत उपकरण तथा शासकीय व्यवहार दुवैमा आवश्यक सुधार गर्दै जानुपर्ने हुन्छ ।

सामाजिक सचेतनाको अभिवृद्धिका लागि शिक्षा प्रणालीमा सुधार गरी पाठ्यक्रममा विविधता, सहिष्णुता र सामाजिक समभावका विषयहरू थप प्रभावकारी रूपमा अध्ययन गराई विद्यालय तहदेखि नै नयाँ पुस्तालाई विविधताप्रति थप संवेदनशील बनाउन पनि उत्तिकै आवश्यक छ। सांस्कृतिक आदानप्रदानको माध्यमबाट सामाजिक सद्भाव अभिवृद्धि गर्न सकिने भएकाले विभिन्न समुदायबिच अन्तरक्रिया र सहकार्यको वातावरण निर्माण गर्न सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्ने, तिनमा सामूहिक सहभागिता जनाउने तथा समुदायबिच सांस्कृतिक आदानप्रदानका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ। रोटी-बेटीको सम्बन्ध रहेको नेपाल-भारत सीमाक्षेत्रमा आपसी विश्वास बढाउन राजनीतिक तथा कूटनीतिक संवादलाई प्रोत्साहित गर्न आवश्यक देखिन्छ भने सामाजिक न्यायका लागि तीनै तहका सरकारहरू मार्फत विशेष कार्यक्रमहरू सञ्चालन गरी सीमान्तकृत र विभेदमा परेका समुदायको आर्थिक र सामाजिक सशक्तीकरण गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिन्छ।

समग्रमा, नेपालमा सामाजिक सद्भाव अभिवृद्धिका लागि सहअस्तित्व, समावेशीकरण र समानतामा आधारित दृष्टिकोण तथा त्यसै मुताविकको व्यवहार हुनु अपरिहार्य छ । सामाजिक विविधतालाई समाजको एक सबल पक्षका रूपमा उपयोग गर्दै समतामूलक समाज निर्माण गर्नका लागि नीतिनिर्माता, नागरिक समाज र समुदायहरूले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्छ । यसबाट सामुदायिक तहमा आपसी विश्वासको वातावरण निर्माण भई सामाजिक विविधताको व्यवस्थापन र दीर्घकालीन सामाजिक शान्ति तथा सद्भाव स्थापनामा ठुलो मद्दत पुग्दछ ।

# परिच्छेद १

# परिचय

नेपालीमा उखान नै छ "बुढेसकालमा सन्तान र सङ्कटमा समाजको परीक्षा हुन्छ"। त्यसैले समाज र सद्भावलाई एक अर्कासँग जोडेर परिभाषित गर्नुपर्ने हुन्छ। समाज भन्ने बित्तिकै त्यहाँ एक भन्दा धेरै नै मानिसहरू हुन्छन्। उनीहरूबिचको अन्तरक्रिया, लेनदेन, ऐँचोपैँचो, सांस्कृतिक चाडपर्वहरूमा सहभागिता, एक अर्काको सहयोग आदि नै सामाजिक व्यवहार हो। समाजभित्रको यस्तै घुलनशीलता र द्वन्द्वले नै हरेक व्यक्तिको सामाजिक व्यवहारलाई प्रभाव पारेको हुन्छ।

सबैभन्दा पहिलो पहिचान व्यक्तिगत नै हुन्छ। व्यक्ति पछिको दोस्रो पारिवारिक समानता मुख्य विषय हुन्छ। जहाँ एकता हुन्छ त्यहाँ एउटै भाषा बोलिने, एउटै संस्कार मान्ने, प्राय एकै किसिमको व्यवहार पाइन्छ। व्यक्तिभन्दा तल परिवार आउँछ। त्यो भन्दा अलिकति तल टोल, छिमेक र जातपातको कुरा आउँछ। त्यहाँ आत्मीयताको कुरा पनि सँगै आउँछ। त्यसपछि रहनसहन, चाल-चलनका कुरा आउँछन् जहाँ ऐक्यबद्धता हुन्छ। सामाजिक आदानप्रदान/लेनदेन र दैनिक ऐँचोपैँचोबाट कठिन समयमा आर्थिक तथा भौतिक सहयोग जस्ता सामाजिक व्यवहारको विकास हुन्छ।

## १.१ इतिहासमा सद्भाव

धार्मिक तथा जातीय विविधता र सामाजिक असमावेशीकरणसम्बन्धी मुद्दाहरू विश्वका हरेक ठाउँमा प्रखर रूपमा उजागर भइरहेको हालको सन्दर्भमा नेपालको संविधानले यस प्रकारका विभेद र बहिष्करणमुक्त नेपाली समाजको परिकल्पना गरेको छ। नेपालको संविधानको प्रस्तावनामा विभेद र उत्पीडनको उन्मूलन गरी सामाजिक सद्भावमा आधारित राष्ट्र निर्माण गर्ने सङ्कल्प गरिएको छ। उक्त प्रस्तावनामा सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्धन गर्ने उल्लेख छ। त्यसैगरी, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने उल्लेख छ।

यद्यपि, हालको वास्तविकताले भने नेपालको छुट्टै स्वरूपको चित्रण गर्दछ। नेपाल बहुधार्मिक, बहुजातीय र बहुसांस्कृतिक विविधतापूर्ण देश एवम् शान्तिप्रिय देशको रूपमा चिरपरिचित भए तापनि नेपालका विभिन्न जिल्लाहरूमा दशकौँदेखि हालसम्म पनि विभिन्न किसिमका असहिष्णु र असामाजिक क्रियाकलापहरू दैनिक रूपमा भइरहेको सुन्न, देख्न र पढ्न पाइन्छ। यस्ता द्वन्द्वहरू

विशेषगरी घरपरिवारसँग सम्बन्धित अंशवण्डा, महिला हिंसा, खानेपानी तथा सिँचाइ लगायत विषयमा हुन्छन् भने बाँके, कपिलवस्तु, रौतहट लगायतका तराईका केही जिल्लाहरूमा यदाकदा धार्मिक सम्प्रदायबिचको मनमुटाव पनि भइरहेको हुन्छ । राजनैतिक कलहबाहेक पनि व्यक्ति-व्यक्तिबिचको लैङ्गिक भेदभाव, जातीय भेदभाव तथा छुवाछुत, धार्मिक मतभेद र क्षेत्रीय बहिष्करण, ईर्ष्या आदि जस्ता कुप्रथा र कुरीति हाम्रा पूर्वजहरूको पालादेखिनै अभ्यास हुँदै आइरहेका छन् । संविधानमा सङ्कल्प गरिएको आपसी सहयोग, सद्भाव र स्नेहको सम्बन्ध गाँसी विद्यमान लैङ्गिक, जातीय, धार्मिक, भाषिक र भौगोलिक आदि भेदभावहरूलाई जरादेखि नै उन्मूलन गर्नुपर्ने आजको आवश्यकता हो । तर, हालको सामाजिक अवस्थालाई सामाजिक सद्भावमा परिवर्तन गर्नु निकै कठिन र चुनौतीपूर्ण छ । यो कुनै एक व्यक्ति वा निकायको कोसिसले मात्रै सम्भव छैन । विभिन्न जातजाति, धर्म, पेसा, गुठी, सङ्गठन आदिद्वारा लामो समयदेखि पालना गर्दै आएको चलनचल्तीभन्दा माथि उठेर उनीहरूको सोच र व्यवहारमा परिवर्तन नल्याएसम्म सामाजिक सद्भाव अभिवृद्धि तथा समन्यायिक समाज निर्माण गर्न सकिँदैन ।

आधुनिक नेपालको सिर्जना गर्ने राजा पृथ्वीनारायण शाहले नेपाल चार वर्ण र छत्तीस जातको साझा फूलबारी हो र यसको महत्त्व बुझी यसलाई सिँगार्नु र पालनपोषण गर्नु सबै जनताको कर्तव्य हो भनेका थिए । उनका उत्तराधिकारीहरूले तदनुरूपको शिक्षा र राजाज्ञा मार्फत यस दृष्टिकोणलाई अझै बलियो पारे र सामाजिक तथा राजनैतिक व्यवस्थाको पनि सिर्जना गरे । यस क्रममा नेपाली भाषी तथाकथित उच्च जातीय हिन्दुहरू प्रमुख भए भने बाँकी समुदायहरू सन् १९९० मा लोकतन्त्र स्थापना नभएसम्म बहिष्कृत र सीमान्तकृत भएको इतिहासमा पाइन्छ (Dhakal, 2017) ।

जयस्थिति मल्ल र मुलुकी ऐन (वि.सं. १९१०) ले हिन्दु वर्णव्यवस्थामा आधारित जातीय प्रथाले छुवाछुत, मन्दिर प्रवेशमा निषेध, अन्तरजातीय विवाहमा बहिष्करण आदिबाट दलितमाथिको विभेद हुने प्रथालाई बलियो बनाएका थिए । यसरी बाँधेको सामाजिक उत्पीडनको डोरी फुकाउन दलित समुदायले बर्सौं कोसिस गरे तापनि सकेका छैनन् (कानुन तथा न्याय मन्त्रालय, २०२२) । नेपालमा संविधान तथा कानुनी व्यवस्थाहरू, उदाहरणार्थ, वि.सं. २००७ को अन्तरिम संविधान, २०४७ को संविधान, २०६३ को अन्तरिम संविधान र जातीय भेदभाव छुवाछुत कसुर र सजाय ऐन, २०६८ आदिले जातीय विभेदको कानुनी सजाय हुने व्यवस्था गरेको भए तापनि तिनको प्रभावकारी कार्यान्वयनको कमीले वि.सं. २०७७ मा भएको रुकुम पश्चिम घटनाजस्ता कारणले जातीय विभेद कायम रहेको कहाली लाग्दो अवस्था रहेको प्रस्ट छ (कानुन तथा न्याय मन्त्रालय, २०२२; ताम्राकार, २०८०) । अझ तराईमा जातीय विभेद र महिला हिंसा गहन रूपमा गाँजिएको छ ।

यसैगरी, पुरुषप्रधान सामाजिक संरचनाले लैङ्गिक असमानता निम्त्याएको छ भने दाइजो प्रथा, घरेलु हिंसा, बलात्कार र यौनिक अल्पसङ्ख्यकमाथि सामाजिक बहिष्करणका घटना ग्रामीण र सहरी दुवै क्षेत्रमा रहेको छ । पुरूषमाथि महिलाको आर्थिक निर्भरता, शिक्षाको कमी र अपर्याप्त कानुनी संरक्षणले

हिंसा बढाएको छ (दाइजोकै..., २०७४; यादव, २०७५) । राणाशासनको विरुद्धको वि.सं. २००७ को आन्दोलन, निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्धको वि.सं. २०४६ को आन्दोलन र माओवादी सशस्त्र द्वन्द्व (२०५२-२०६३) राजनीतिक द्वन्द्वहरू थिए । यस्ता आन्दोलनहरूले निरङ्कुश शासन व्यवस्थाको अन्त्य गर्न र सामाजिक असमानता तथा गरिबी, केन्द्रीकृत शासन र जातीय उत्पीडन आदि विरुद्ध आवाज उठाएका थिए ।

वि.सं. २०६३ र २०७२ मा मधेसी समुदायले पहिचान, अधिकार, समावेशीकरण, भाषा, संस्कृति, नागरिकता र आर्थिक अवसरमा विभेदको मुद्दा उठाउँदै आन्दोलन गरे । यी आन्दोलनमा हिंसात्मक झडप हुँदा दर्जनौँको ज्यान गयो (Mishra, 2020; त्रिपाठी, २०७७; मेहता, २०७९) । जनजाति आन्दोलनले जातीय पहिचान, सांस्कृतिक अधिकार, स्वायत्तता र राज्य स्रोतमा पहुँचको माग राख्दै ऐतिहासिक उत्पीडन र खस-आर्य वर्चस्वले संरचनात्मक विभेद निम्त्याएको उनीहरूको ठम्याइ छ । तर, यी आन्दोलन गन्तव्यहीन बनेका छन् भने समाज हामी र हाम्रो भन्ने सोचबाट टाढा हुँदै म र मेरो भन्नेमा अग्रसर भएको छ (राई, २०७८) ।

दशकौँ अघिदेखि केही समूहहरूले विविधतालाई बहिष्कार गर्नुपर्ने तर्कहरू पनि दिएका थिए । “सशस्त्र द्वन्द्व” को क्रममा युद्धरत पक्षले असन्तुष्ट जातीय समुदायहरूलाई सङ्गठित तथा परिचालन गर्दै राजनीतिक उद्देश्यलाई प्रचार प्रसार गर्न विविधतालाई एउटा उपकरणको रूपमा प्रयोग गरेका थिए । यो बाहेक जनवरी २००७ मा तराईमा देखापरेको अशान्ति बिच-बिचमा जारी नै रह्यो, जसले समुदायमा एक अर्काप्रतिको सद्भावमा सङ्कट तथा चुनौती ल्यायो (Dhakal, २०१७) । वर्षौंको अवधिमा नेपालका विभिन्न क्षेत्रहरूमा छोटो अन्तरमा कुनै न कुनै सांस्कृतिक द्वन्द्वहरू भइ नै रहे । यी अवस्थाहरूलाई मध्यनजर गरी विविधताको विभाजनकारी सम्भावनालाई अस्वीकार गर्दै नेपालको संविधानले यसको समाधानको रूपमा समानुपातिक समावेशीकरण र समान सहभागिताको व्यवस्था गर्‍यो । संविधानको धारा ५० मा राज्यका निर्देशक सिद्धान्तहरू अन्तर्गत समानता र समावेशीकरणको सुन्दर चित्र प्रस्तुत गरिएको छ । तथापि, आजसम्मको अभ्यासलाई समीक्षा गर्दा त्यसको व्यावहारिक पक्ष भने फितलो छ ।

संविधानले परिकल्पना गरेका प्रावधानहरूको व्यावहारिक कार्यान्वयनको लागि अझै केही समय लाग्न पनि सक्छ । नेपाली राजनीतिमा विविधतालाई अभिन्न र सुन्दर पक्षको रूपमा बुझिएको आभास हुन सकेको छैन । सामाजिक तथा सांस्कृतिक विविधतालाई राजनीतिक स्वार्थ पूरा गर्ने अभियानमा केन्द्रित गरिएको छ । तसर्थ, समाजका अति खराब पक्षहरू र तथ्यलाई समाजका सामु उजागर गर्न सके मात्र नेपाली समाजको विविधता राजनीतिक स्वार्थ साँध्ने साधन वा औजारको रूपमा प्रयोग हुनबाट रोकिन सक्छ ।

## १.२ समाजमा देखिने सद्भाव

सामाजिक विविधता समुदाय वा राष्ट्रका लागि वरदान र बर्बादी दुवै हुन सक्दछ । एकातर्फ यसले भिन्नताहरूको तालमेललाई कायम राखी सांस्कृतिक पहिचानलाई विश्वव्यापी रूपमा स्थापित गर्दछ र गर्व गर्न लायकको प्रतीकको रूपमा परिभाषित हुन्छ । अर्कोतर्फ, यो तनावको एक स्रोत पनि हुन सक्दछ । एउटा समुदायको संस्कृति वा पहिचान अर्को समुदायसँग मिल्दैन र संस्कृति तथा समृद्धिको बिचमा मेलमिलाप गराउने कुनै माध्यम पनि हुँदैन । बहुधार्मिक, बहुसांस्कृतिक र बहुजातीय समाजमा सद्भाव वा सहअस्तित्व प्राप्त गर्नु सबैभन्दा उत्तम कुरा हो । तर, वास्तविकतामा यो एक प्रमुख विश्वव्यापी समस्या पनि बनेको पाइन्छ । विविधताले भरिपूर्ण समाजमा द्वन्द्वको वातावरण सिर्जना हुनुका प्रमुख कारणहरू यस प्रकार रहेका छन् ।

- **क) सामाजिक मान्यता र परम्परा:** धार्मिक कट्टरता, धर्मको राजनीतिकरण र सामाजिक संस्कारको पालना नहुनु,
- **ख) जातीय र सांस्कृतिक विभेद:** खस-आर्य वर्चस्व, मुलुकी ऐनले वैध बनाएको जातीय श्रेणीकरण र कमजोर कानुनी कार्यान्वयन,
- **ग) आर्थिक असमानता:** गरिबी, बेरोजगारी, भ्रष्टाचार र अवसरमा पक्षपात,
- **घ) विविधताको स्वीकार गर्न नसक्ने मनोवृत्ति:** समाज हामी र हाम्रो भन्ने सदिऔँ पुरानो भावबाट म र मेरो भन्ने भावतर्फ डोरिनु र समाजमा सहअस्तित्वको सम्मान नहुनु,
- **ङ) राजनीतिक अस्थिरता:** स्वार्थपूर्ण भाषण, शक्तिको दुरुपयोग र सरकार परिवर्तन,
- **च) सार्वजनिक संस्थामा हस्तक्षेप:** सार्वजनिक संस्थाको नेतृत्वमा विज्ञता भएको व्यक्तिभन्दा दलका नजिकका मानिसहरू हुनु तथा यस्ता संस्थामा राजनीतिक हस्तक्षेप, ढिलासुस्ती र सुशासनको अभाव ।

विगतमा घटेका केही घटनाहरू (ऋतिक रोशन काण्ड, मधेस आन्दोलनका झडपहरू, नेपालगन्जको दङ्गा, टीकापुर घटना, तराइको रौतहट लगायतका क्षेत्रमा भएका हिन्दु-मुस्लिम तनाव आदि) ले नेपालमा सामाजिक सद्भाव र आपसी सहिष्णुता कमजोर भएको हो कि भन्ने पनि देखिन्छ । यद्यपि, नेपाली समाजको मूल चरित्र सहिष्णु छ, जसले यस्ता द्वन्द्वको समाधान गर्दै विविधतालाई एकता र सद्भावमा रूपान्तरण गर्न सक्ने सामर्थ्य राख्छ ।

विभिन्न भूगोलका बासिन्दाहरूमाझ विद्यमान जनस्तरको सम्बन्ध पूर्णतया राज्य निर्मित होइन । यो त स्वाभाविक आकर्षण र अन्तरनिर्भरताको उपज हो; आपसी लेनदेनको सम्बन्ध हो । नेपालले अहिलेको राजनीतिक मानचित्र प्राप्त गर्नुअघि समेत विभिन्न भूगोलका बासिन्दाबिच साझा सरोकारहरूको सूत्र खोजी भइरहेको थियो । राज्यको पहुँच नभएका ठाउँमा पनि परम्परादेखि नै सामुदायिक अन्तरक्रिया, एक आपसमा सहयोग, लेनदेन र अन्तरसञ्चारका लागि अनेक उपक्रमहरूको छनौट हुँदै आएको हो ।

विविधता हुँदा हुँदै पनि हाम्रो सामाजिक परम्परामा स्थापित भएको अन्तरनिर्भरता, सहयोग र विश्वास नै नेपाली समाजको पुँजी हो । चेतना फैलिँदै जाँदा, यस सम्बन्धलाई समानता, स्वतन्त्रता र समृद्धि जस्ता साझा इकाईको आँखीझ्यालबाट चिहाइयो र त्यसलाई समतल बनाउँदै अगाडि बढ्नुपर्ने आवश्यकता देखापर्‍यो । अहिलेको आवश्यकता यही समानता, एकापसमा भाइचाराको सम्बन्ध विकास, स्वतन्त्रता र समृद्धिसँग जोडिएको छ । समुदायमा एकापसको सहयोग तथा सहकार्य र अन्तरनिर्भरताबाट नै विविधताभित्रको सद्भाव हासिल हुन सक्छ ।

राष्ट्रियता, राष्ट्रिय सुरक्षा, राज्यको बनोट र राष्ट्रिय पहिचानजस्ता सवालमा साझा दृष्टिकोण निर्माण गर्न पनि भूगोलजन्य पृष्ठभूमिका आधारमा देखापर्ने फरक मनोविज्ञानबारे संवाद र बहस गर्नै पर्छ । जस्तै, विगतमा भएका मधेस आन्दोलनको क्रममा बारा जिल्लाको दक्षिणी क्षेत्र सिम्रौनगढ र उत्तरमा राजमार्ग छेउको सिमराबिचको सोचाइमा देखिएको भिन्नता र यस किसिमको भिन्नताका कारणहरू केलाउनु पर्छ । अर्थात्, मधेसमा रहेका पहाडी बाहुल्य समुदाय र मधेसी बाहुल्य समुदायमा विविध भिन्नताहरू रहनुका साथै राज्यलाई हेर्ने मनोविज्ञान पनि फरक हुन सक्छ । यसले समष्टिगत रूपमा समाजको स्वरूप र सम्बन्ध आकलन गर्न सकिन्छ र मधेसको चासो पनि बोध हुन पुग्छ ।

अर्कोतर्फ, सामाजिक सम्बन्ध र यसका प्रत्येक पक्षहरूमा निश्चित रूपमा ठाउँ-विशेषमा रहेको विद्यमान जनसाङ्ख्यिक बनोट तथा रहन सहनले प्रभाव पारिरहेको हुन्छ । वि.सं. २०७२ को आन्दोलनले सिम्रौनगढलाई ६-७ महिना ठप्प बनायो भने सिमरा खुला रहिरह्यो । यसरी बारा जिल्लाकै दक्षिणी र उत्तरी भूगोलमा दुई थरीको मनोविज्ञान रह्यो । नेपाली समाजको विविधता प्रकटीकरणमा भिन्नताहरू देखिन्छन् । यस किसिमको भिन्नताको कारण आफ्नो पारम्परिक पहिचानप्रति गौरव बोध गर्नु हो । यस अवस्थालाई अहिले संविधान निर्माण र कार्यान्वयनको कालखण्डले महत्त्वपूर्ण उत्प्रेरणा दिइराखेको छ । त्यसैले, राज्य समविधि चरित्रको हुनुपर्नेमा जोड दिइएको हुन्छ ।

नागरिकहरूले आ-आफ्ना पहिचानका आधारमा अधिकार दाबी गर्नु विल्कुलै स्वाभाविक हो । तर, बिर्सन के थालियो भने विविधता भनेको पृथकताको जगको आधार होइन । पृथकताको विषय सामाजिक सद्भाव, समानता र अन्य सामाजिक लेनदेनमा आउँदैन र आउनु पनि हुन्न । विविधतालाई जोड्ने अनेकन् तन्तुहरू छन् । अहिलेको बढ्दो सञ्चार, यातायात सुविधा, आर्थिक अवसर, अन्तर निर्भरता, बसाइसराइ जस्ता पक्षहरूले विविध पहिचानका समुदायहरूबिच अनेक मूर्त-अमूर्त सूत्रहरू बनाएका छन् । जसले नेपाली समाजलाई अझै बाँध्दै लगेको छ । यसरी समुदाय-समुदायबिचको विविधता नेपाली समाजको अमूल्य सम्पत्ति हुन आएको छ । अहिलेको आवश्यकता भनेको त्यस्ता जोड्ने तन्तुहरूलाई मुखरित गर्नु हो; विविधताभित्र एकता र समभावको स्थिति सिर्जना गर्नु हो ।

## १.३ सोचपत्रको उद्देश्य र रूपरेखा

यस सोचपत्रको मुख्य उद्देश्य मधेसको सन्दर्भबाट सामाजिक सम्बन्धबारे बहस गर्दै सामाजिक सद्भाव अभिवृद्धिका उपायहरूको खोजी गर्नु रहेको छ । यस सोचपत्रका अधिकांश विषयवस्तुहरू लेखकीय अनुभव र भोगाइको प्रतिविम्ब पनि हुन् । सूचना र जानकारीलाई प्रामाणिक बनाउने सन्दर्भमा अनौपचारिक अन्तर्क्रिया तथा छलफल; जनकपुर, सिराहा तथा वीरगन्जका जानकार व्यक्तित्वहरूसँग अनौपचारिक अन्तर्वार्ता र केही सरकारी कार्यालय, प्रहरी चौकी, विद्यालय, क्याम्पसको भ्रमण गरी त्यहाँ कार्यरत अनुभवी व्यक्तिहरूसँग सक्षात्कर गरिएको थियो । लेखनलाई थप बलियो रूपमा प्रस्तुत गर्न विभिन्न अनुसन्धान प्रतिवेदन, पत्रपत्रिका लेख तथा मिडियामा विज्ञबाट व्यक्त विचारको अध्ययन समेत गरिएको थियो । यसरी प्राप्त जानकारी, सूचना, तथ्य तथा प्रमाणहरूलाई लेखकीय बुझाइ र विश्लेषणका आधारमा यो दस्ताबेज तयार गरिएको हो ।

भौगोलिक बसोबासका आधारमा नेपालवासीहरूको सम्बन्धलाई परिभाषित गर्ने हो भने त्यो पहाड र मधेसबिचको सम्बन्ध हो । यस आलेखमा 'पहाड' भन्नाले हिमाललाई समेत बुझ्नु पर्छ । पहाड भनिरहँदा त्यसले हिमाली भेगलाई पनि बृहत् अर्थमा समेट्छ किनकि पहाडभित्र मध्य-पहाड र उच्च पहाडको हिमाली भेगसमेत बुझ्न सकिन्छ । यही भौगोलिक विविधता नेपालको यथार्थ हो । तराई होस् वा पहाड वा हिमाल यी सबै विविधता बोकेको क्षेत्रहरू हुन् । यी विविधताहरू नै नेपालको पहिचान बन्न पुगेका छन् ।

यस सोचपत्रमा मधेसी समुदायका नागरिकहरूले भोगेका सामाजिक विभेद वा बहिष्करणको अनुभवलाई तार्किक रूपमा विश्लेषण गर्दा सीमा वारिपारिको सम्बन्ध; काठमाडौँ र मधेसीको साइनो; र पहाडी-मधेसी बन्धुत्वको आशय मुख्य विषयवस्तुको रूपमा प्रकट भएको छ । मधेसको सन्दर्भबाट सामाजिक सद्भावसम्बन्धी बहस गर्नका लागि साझा सरोकारको विषय के हो, लेखन तथा इतिहास दस्ताबेजीकरणमा यसलाई कसरी प्रस्तुत गरिएको छ र यस विषयमा संवादको प्रतिपादन गर्न लेखकहरूले कस्तो भूमिका निर्वाह गर्न सक्दछन् भन्ने प्रश्नहरूमा चर्चा गरिएको छ । अन्तिममा सामाजिक सद्भाव अभिवृद्धिका लागि हाल विद्यमान चुनौतीहरू पहिचान गर्ने प्रयास गर्दै केही सुझावहरू प्रस्तुत गरिएको छ ।

यस सोचपत्रमा सामाजिक सद्भावलाई पनि राष्ट्रिय सन्दर्भमा नभई मधेसको सन्दर्भमा केन्द्रित गरेर चर्चा गरिएको छ । मधेसको सन्दर्भमा सामाजिक सद्भाव खल्बल्याउने कारण र कारकहरूको पहिचान, सामाजिक सद्भाव कायम गर्न देखिएका चुनौतीहरू र सद्भावको अभिवृद्धिका तरिकाको खोजीमा मात्र यस अध्ययनलाई बढी केन्द्रित गरिएको छ ।

# परिच्छेद २

# मधेसको सन्दर्भ

## २.१ सीमा वारिपारिको सम्बन्ध

नेपाल र भारतबिचको सीमा कुनै प्राकृतिक सीमा होइन । यसलाई कुनै अग्लो पहाड, समुद्र वा विशाल नदीले विभाजित गरेको छैन । यो राजनीतिक निर्णयले सीमाङ्कित अन्तर्राष्ट्रिय सीमा हो । भूखण्डले जोडिएको एउटै सभ्यता र संस्कृति भएको साझा दैनिकीमा आबद्ध सीमा हो । नेपाल भारत सीमाको वारिपारि एउटै रहनसहन, चालचलन र संस्कृति भएका समुदायको बसोबास छ । यस अर्थमा सीमाको दुवैतिरको बसोबासलाई सीमाञ्चल भनेर परिभाषित गर्न सकिन्छ । नेपाल र भारत दुई सार्वभौम मुलुक हुन् तर सीमाञ्चल क्षेत्रमा एउटा सामाजिक प्रणाली व्यवस्थित भएको हुन्छ, जुन भेष-भूषा, भाषा, धर्म, पारिवारिक लेनदेन, एकअर्का प्रतिको अन्तर निर्भरतामा स्वचालित भएको हुन्छ ।

नेपाल र भारतबिच सन् १८१६ को सुगौली सन्धिपछि एउटा निश्चित सीमारेखा कोरिएको छ । दुई देशका राजधानी क्रमशः काठमाडौं र दिल्लीबिचको सम्बन्धले यसको बहुआयामिकतालाई निर्धारित गरिरहेको हुन्छ । सीमाञ्चल सम्बन्धको माधुर्य भनेकै खुल्ला सीमा र एक अर्काप्रतिको निर्भरता हो । नेपाल र भारतबिचको सम्बन्धलाई अति विशिष्ट बनाउने पक्ष पनि यही खुला सिमाना हो । सीमाञ्चलको विशेष सम्बन्धकै आधारमा मूलतः नेपाल भारत सम्बन्धलाई 'रोटी र बेटी' को सम्बन्ध भनेर व्याख्या गर्ने गरिन्छ । तर, दुई वटै राजधानीले सीमाञ्चलको सरोकारलाई अहिले पनि मितेरी निर्धारणका लागि निर्णायक तत्त्व मान्ने गरेको पाइँदैन ।

उल्लिखित 'रोटी र बेटी' को सम्बन्ध केवल मधेसी समुदायको मात्र हैन, पहाडी समुदायको पनि छ । तर, सिङ्गो मधेसी समुदायलाई नै भारतसँग जोडेर हेर्ने चलन छ । त्यसको प्रतिछायाँ नेपाली भाषाको साहित्यमा पनि देखिन्छ । नेपालको दक्षिणी भूगोलमा बसोबास गर्ने मधेसीहरूले सीमा क्षेत्रमा बसेर दिनहुँ लडिरहेको राष्ट्रियताको लडाइँ तथा सीमाको पहरेदारीलाई नजरअन्दाज गर्न मिल्दैन (नकर्मी, २०७८) ।

साथै, सीमामा बसेर सीमाको पहरेदारी गर्ने पहाडिया समुदायको पनि निकै महत्त्वपूर्ण योगदान रहि आएको छ । यसैगरी, जटिल भौगोलिक परिवेश भए तापनि हिमालमा बस्ने वासिन्दाले सीमाक्षेत्रमा गरेको योगदानलाई नकार्न मिल्दैन । नेपालको हिमाली क्षेत्रका वासिन्दाहरू पनि यस किसिमको समानता र आत्मनिर्भरताबिच चीनको स्वसाशित क्षेत्र तिब्बत क्षेत्रसँग जोडिएको देखिन्छ । यद्यपि, उत्तरी भेगमा मानिसको आवत-जावतलाई भौगोलिक विकटताको कारण केही जटिलता भने रहेको छ ।

भौगोलिक सुगमता तथा सीमा क्षेत्रमा जोडिएको बस्तीको कारण भारतसँगको सामाजिक आवतजावत जनस्तरमा गहन छ भन्न हिचकिचाउन पर्दैन । आखिर पानीढलो पनि त उत्तरबाट दक्षिण बगेकै छ । त्यसैले, सीमाञ्चल भित्र हुने सामाजिक परिघटना दक्षिणी छिमेकीसँग बढी रहेको छ । यो व्यावहारिक यथार्थ भएकाले नेपाल-भारतको सम्बन्ध विशिष्ट छ ।

सीमाञ्चलमा प्रत्येक दिन एउटा रामायणको रचना भइरहेको हुन्छ । यहाँ रामायण भन्नाले सीमाञ्चलभित्र मानिसहरूको आवतजावत हुँदा हुने लेनदेन, व्यापार, सांस्कृतिक कार्य, प्रशासनिक झन्झट लगायतका विषयवस्तुहरूको समग्र कथा हो । समानान्तरमा सीमा सुरक्षा र राष्ट्रिय प्रतिनिधित्वको संवेदनशीलता पनि सीमाञ्चलमा बस्ने मधेसी तथा पहाडी समुदायले बोकेको हुन्छ । सीमावारिबाट केही खेल प्रतियोगितामा भाग लिन पारि जान्छन् भने त्यो एउटा सहरबाट अर्को सहरको यात्रा हुन्छ तर जब खेल मैदानमा उत्रिन्छन् त्यतिखेर उनीहरू सिङ्गो नेपाल र नेपालीको प्रतिनिधित्व गरिरहेका हुन्छन् । यद्यपि, मधेसी समुदायले सीमामा बसेर गरेको योगदानलाई समग्रमा काठमाडौंले बुझ्ने गरेको देखिदैन ।

सीमाञ्चल क्षेत्रमा सर्सती हेर्दा, लामो सीमा र घना बस्ती भएकाले मधेसी समुदायको आदानप्रदान, लेनदेन र सांस्कृतिक रीतिथिति रहने सहभाव स्वाभाविक रूपले प्रत्यक्ष र निरन्तर रहने गर्दछ । दक्षिणी सीमामा देखापर्ने यस्ता भावनालाई पहाडतिर उच्च पार्ने काम जति हुनुपर्ने थियो, त्यति गरेको भेटिँदैन । सुदूरपश्चिम तथा पूर्वी पहाडी क्षेत्रका समुदायहरूसँग हुने आदानप्रदानले दुई देशका नागरिक बिचको माधुर्यता र आपसी सहभाव देखाउँछ ।

सीमाञ्चल भित्रको सामाजिक सम्बन्ध सदिऔँ पहिलेदेखि भएकाले दिल्ली र काठमाडौंले यस विषयलाई गौण ठान्नु हुदैन । नेपालको पूर्वी तथा पश्चिमी पहाड र समग्र तराईमा देखापर्ने सीमाञ्चलको सामाजिक अवयव भौगोलिक सहजता, घना बस्ती, सामाजिक लेनदेनका कारण सघन छ र अन्तरघुलित छ ।

## २.२ काठमाडौं र मधेसीको साइनो

विभिन्न कालखण्डहरूमा शासन व्यवस्थाहरू फेरिँदै गए तर नेपालले वर्तमान भूगोल कायम भएपश्चात् यसको राजधानी काठमाडौं नै रहँदै आएको छ । यसरी, नेपाल राज्यको बनोट एकात्मक नै रह्यो । एकात्मक सत्ताको एकीकृत शक्ति सञ्चय र प्रयोग काठमाडौंमा मात्र घनीभूत भयो । राज्यमा पहुँच भएका, प्रभाव जमाएका र राज्यसँग जोडिएर पहिचान स्थापित गरेकाहरूको उपस्थिति पनि त्यही थेग्रियो । बसाइँ सरेर आउनेहरूको बहुसङ्ख्य-वर्चस्व भएर पनि काठमाडौं सिङ्गो नेपाली राज्यको निरन्तरताको थलो हुन पुग्यो । त्यसैले नेपाल राज्यसँगको माग-दाबी, सङ्घर्ष-संवादको कुरा उठ्दा काठमाडौं शब्द उच्चारण हुन पुग्छ । यसरी नेपाली विमर्शमा 'काठमाडौं' ले नेपाली राज्य, त्यसको केन्द्रीकृत स्वरूप, असमावेशी चरित्र, नाभि केन्द्रित वितरण प्रणाली र सत्ता वरपर रहने वर्गलाई चिनाउने थलोको प्रतिविम्ब गर्दछ । नेपालमा सङ्घीयता लागु भएपछि राजनीतिक स्वरूपमा केही

परिवर्तन देखिए तापनि राज्य सञ्चालन गर्ने पात्र र दलहरूले समावेशी चरित्रको राज्य हुनुपर्ने विषयलाई अझै पूर्णरूपमा आत्मसात् गरिसकेको भने पाइँदैन ।

काठमाडौँ अर्थात् राज्यसँगको सम्बन्ध निर्धारणले नेपाली भूगोलका अन्य समुदायबिचको सम्बन्धलाई पनि रेखाङ्कित गर्छ । काठमाडौँ र मधेसलाई जोड्ने प्रमुख माध्यम धर्म, आर्थिक अवसर, रोजगारी, राजनीतिक सङ्गठन, मानवीय सम्बन्ध, राज्यले आत्मसात् गरेको प्रक्रिया र स्रोतमाथिको वितरण हुन् । यी सबै माध्यमको आ-आफ्नो तह र स्थानमा महत्त्व रहे तापनि सबैभन्दा प्राथमिक विषयवस्तु भनेको राज्यले मधेसलाई हेर्ने र बुझ्ने पक्ष नै हो । देशको सीमामा बसेर मधेसी समुदायले दिएको रक्षा कवजको पूर्वअनुभूति र योगदानको कदर पनि अति महत्त्वपूर्ण पक्ष हो ।

नेपालको राजनीतिक भूगोलको सुनिश्चितता नहुँदासम्म दक्षिणी नेपालका बासिन्दाको काठमाडौँसँगको सम्बन्ध लुकाचोरी झैँ रह्यो । मधेस काठमाडौँका लागि बिर्ता-मौजा, सिकार खेल्ने ठाउँ वा प्राकृतिक संसाधनको दोहनकै लागि उपभोग भइरह्यो । सिम्रौनगढ राज्य पतन भएपछि काठमाडौँसँग पहिलो पटक यस क्षेत्रले आश्रय पाएको थियो । सुगौली सन्धि र त्यसपश्चात् नयाँ मुलुकको रूपमा पश्चिम तराईका हिस्सा प्राप्त भइसकेपछि वि.सं. २००७ सालसम्म काठमाडौँसँगको सम्बन्ध क्रमशः घनीभूत भएको र एक विशेष प्रकारले सुदृढ भएको देखिन्छ ।

काठमाडौँसँगको सम्बन्धलाई बहुआयामिकतामा बुझ्नका लागि मधेससँग जोडिएका केही पक्षलाई केलाउनुपर्छ - पहिलो, अहिलेको नेपालको राजनीतिक भूगोलको नाभि केन्द्र काठमाडौँ र यससँग मधेसीको आकर्षण-विलगावको स्थिति; दोस्रो, काठमाडौँसँगको सम्बन्धको आधारमा नेपालभित्रका सामुदायिक सम्बन्धको स्तर, लेनदेन र रूप; तेस्रो, काठमाडौँ सहरसँगको मधेसीको अन्तरघुलन र अन्तरनिर्भरता; चौथो, काठमाडौँ मार्फत नेपालको बाँकी हिस्सासँग मधेसको सम्बन्ध र सेवाको चाहना; र पाँचौँ, काठमाडौँ मार्फत भूराजनीतिक सन्तुलनको खोजी । यी सबै पक्ष एक अर्कासँग जोडिएका छन् ।

## २.३ पहाडी र मधेसी बासिन्दाबिचको बन्धुत्व

पहाड-मधेस सम्बन्ध भनेको राजा महाराजाहरूले बनाएको राज्यद्वारा संरक्षित नभई आर्थिक-सामाजिक आवश्यकतासँग जोडिएर जनस्तरबाट निर्मित सम्बन्ध हो । दक्षिणी सीमान्त सहरबाट पहाडको जीवन र पहाडी समुदायसँगको सम्बन्धबारे सोच्दा सँगै जोडिएर आउने अरू थुप्रै पक्ष पनि देखापर्दछन् । नेपाली राष्ट्रिय जीवन बुझ्नका लागि पनि पहाड मधेस बुझ्नै पर्छ । पहाड नबुझिकन समग्रमा मधेस बुझिन्न भने मधेसलाई मधेसभित्रैबाट हेरेर मात्र पनि पुग्दैन । तर, माथि पहाड पुगेर हेर्दा भने मधेसलाई समग्रतामा नियाल्न सकिन्छ । त्यसैगरी, पहाडलाई पनि गहिरोसँग बुझ्न मधेस बुझ्नुपर्छ र पहाडको चर्चा गर्दा हिमाल स्वतः आउँछ ।

नेपालको भौगोलिक विविधता यहाँको सामाजिक - राजनीतिक जीवनको हर क्षेत्रमा प्रकट भइरहेको हुन्छ। पहाड नेपालको एउटा भौगोलिक सच्चाइ र यो आफैँमा एउटा सांस्कृतिक परम्परा पनि हो। पहाडको आफ्नै अर्थतन्त्र छ र राजनीतिक वर्चस्व पनि। पहाडी जीवन भन्नाले पहाडी भूगोलको बसोबास, दैनिकी र रीतिथिति आउँछ। कतिपय सन्दर्भमा पहाडले एउटा मनोविज्ञानको पनि प्रतिनिधित्व गर्छ। त्यो मनोविज्ञानसँगै नेपालको राज्य संरचना, राष्ट्रिय सुरक्षा र राष्ट्रियता बारेको बुझाइ आउँछ।

पहाडी समुदाय भनेको नेपालीहरूको त्यो समूह हो, जसको बसोबास समतल वा पहाड जहाँ भएपनि बृहत्तर रूपमा उनीहरूको सांस्कृतिक निरन्तरता पहाडी भूगोलजन्य हुन्छ। यही कारण तराईमा बसेका पहाडी समुदायले यहाँको जीवनशैलीमा घुलमिल भइसके तापनि फागुपुर्णिमा (होली) एक दिन पहिला मनाउँछन्। ससुराले ज्वाइँलाई ढोग्छन्। यस्ता पक्षहरूले तराईका बासिन्दाहरू (पहाडबाट आएका र पहिलेदेखि तराईमा रहेका) बिचको सामुदायिक भिन्नता देखाउँदछ।

नेपाली सन्दर्भमा राज्यसँगको सम्बन्धलाई कुनै भूगोल विशेषले परिभाषित गर्न खोज्दा त्यसले राज्यमा पारम्परिक वर्चस्वमा रहेका समुदायसँगको सम्बन्धलाई पनि जोड्न पुग्छ। मधेसले काठमाडौँसँग सम्मान, स्वतन्त्रता एवम् समृद्धिका सवालमा बराबरीको कुरा गर्दा स्वाभाविक रूपमा पहाडी समुदायसँग आफ्नो अवस्था दाँज्न पुग्छ। त्यसैगरी, पहाडी भूगोलका बासिन्दाले काठमाडौँसँगको सम्बन्धको कुरा गर्दा मधेसले पाएको सहजताको सहजै भेउ पाइराखेको हुन्छ। मधेसले आफ्नो अधिकार खोजीको क्रममा राज्यलाई 'पहाडे' विश्लेषण दिइराख्दा कतिपय दुर्गम पहाडी क्षेत्रका बासिन्दाको स्वाभाविक जिज्ञासा हुन्छ - "हामीले मधेसीको हिस्सा कहाँ खोस्यौँ ?" कतिपय राजनीतिक सन्दर्भमा मधेसका लागि काठमाडौँ टाढा छ। त्यसैगरी, देशभित्रै आर्थिक अवसर नभेटिरहेको पहाडी समुदायको ठुलो हिस्साका लागि रोजगारीको दृष्टिकोणले काठमाडौँ हैन बरु दिल्ली र दोहा नजिक हुन्छ। पश्चिम पहाडका सिमान्त वर्गका पहाडी समुदायका लागि रोजगारको केन्द्र भारतको नैनीताल र उत्तराखण्ड काठमाडौँभन्दा नजिक छ। यस सन्दर्भले के देखाउँछ भने, यस देशमा सामाजिक सशक्तीकरण, न्याय र सद्भावको कुरा गर्दा पहाड-मधेस सम्बन्धबारे प्रशस्त बहस हुनैपर्छ। यस्तो बहसबाट जति टाढिन खोज्यो त्यति नै जटिलताहरू देखापर्ने सम्भावना रहन्छ।

तराईमूलका मानिसको भेषभूषा, भाषा, संस्कृति, पारिवारिक लेनदेन तथा अन्य पक्षहरू सीमाञ्चलको कारण सीमावर्ती भारतसँग मिल्दोजुल्दो छ भने तराईमा बसोबासको लामो परम्परा भएका पहाडका मानिसहरूको सांस्कृतिक निरन्तरता छ। मधेसी शब्द मूलतः गैरपहाडीमूलका नेपालीलाई सम्बोधन गर्न प्रयोग गरिन्छ। साथै, पहाडबाट बसाइँ सरेर लामो समय मधेसी समुदायसँग घुलमिल र सांस्कृतिक आदान प्रदान गरेको पहाडी समुदायले मधेसी समुदायको मर्म बुझेको हुन्छ।

मधेसीको अधिकार र पहाडसँगको सम्बन्धको चर्चा गर्दा कतिपय चरमपन्थीहरू वर्चस्ववादी वा एकल समुदायको मात्र हित चिताएको आक्षेप लगाउँछन्। तर, हाम्रो सामाजिक-आर्थिक यथार्थ के हो भने मधेसले पनि पहाडसँग समन्वय नगरेकाले धेरै अप्ठ्याराहरू झेलिरहेको छ। तराईमा पनि पहाडी

समुदायको बाक्लो बसोबास छ र उनीहरूलाई कसैले विस्थापित गर्न सक्दैन । विगतमा त्यस्ता कुत्सित प्रयत्नहरू नभएका होइनन् । तर, त्यसको दुष्परिणाम स्वयम् मधेसले भोग्नुपरेको छ । मधेसमा पहाडी समुदायप्रति एउटै प्रकारको व्यवहार पाइँदैन । साथै, सघन मधेसी बसोबास भएको क्षेत्रमा पुस्तौँदेखि बसी आएका पहाडी समुदायले आफूलाई आम मधेसी चिन्तन नजिक ठान्छन् । मधेसी जीवनशैलीलाई आत्मसात् गरेका कारण यो वर्गले पहाडी क्षेत्रमा उपहास समेत भोग्नुपरेको अवस्था छ । यदाकदा यस समुदायलाई पनि मधेसी भन्ने चलन छ ।

यसैगरी, आफ्नो भूमिका र उपयोगिताका कारणले मधेसीहरू पनि पहाडी क्षेत्रमा भिजेका छन् । मजाले रमेका छन् । यद्यपि, राजनीतिक तवरमा पहाडी समुदायको स्वीकार्यता मधेसमा जुन स्तरमा छ, मधेसीहरूको हकमा पहाडमा त्यो हुन सकिरहेको अवस्था देखिँदैन (नकर्मी, २०७८) । मधेस र पहाडको बिचको परिवारिक लेनदेन बर्सौंदेखि अपेक्षित रूपमा बढेको पाइदैन । सामाजिक सद्भभाव र समन्वयमा थप माधुर्यता ल्याउन यो पक्ष पनि निकै महत्त्वपूर्ण हुन्छ ।

# परिच्छेद ३

# सामाजिक सद्भावको बहस

मधेसीको आफ्नै कथा छ, आफ्नै सङ्घर्षको इतिहास छ। त्यसलाई पहाडी समुदायले बोध तथा मान्यता किन नदिने ? मधेसीको सवाललाई पहाडले किन नउठाउने ? त्यसैगरी, पहाडमा जिन्दगी काट्नु पहाड काट्नु जत्तिकै हो । यसलाई मधेसीजनले कत्तिको फराकिलो सोचले बुझ्न सक्छन् ? पहाडमा निमुखाहरूको जीवन कठिन र कहालीलाग्दो छ । उनीहरूको मन अमिलो छ भने जीवन निर्वाह सुधारसम्बन्धी थाँतिरहेका समस्याहरूको अग्लो पहाड छ। सुसाइरहेका नदीहरूको आफ्नै क्रन्दन छ। यी साधारण कुराहरूभित्र असाधारण समस्याहरू छन्। यसलाई मधेसले साथ दिने नदिने भन्ने प्रश्नको उत्तर महत्त्वपूर्ण भएकाले यसको खोजी झन् जरुरी छ। त्यसैले, पहिचान तथा समावेशीको मुद्दा र विभेदको अन्त्य मुखारित रूपमा पहाड तथा मधेसबाट उठाइएको छ।

मधेसीजन र पहाडीजन दुवैसँग असन्तुष्टिहरू देखिएका छन् । यसलाई एक आपसको संवादद्वारा व्यवस्थापन गर्न सकिन्छ। तर, संवादको प्रक्रिया र माध्यम के हुने ? जस्तो सुकै प्रतिकूल एवम् विषम परिस्थितिमा पनि समस्या समाधानको बाटो तयार गर्नु मानवीय चेतनाको उच्चतम विन्दु हो । समस्यासँग तर्सिएर होइन, जुधेर त्यसबाट पार हुनु मानवीय स्वभाव हो। हामीले यसलाई मनन गर्नु आवश्यक छ। मधेस वा पहाड जहाँका जनता भए तापनि नेपाली नै हुन्। राज्यले नागरिकले उठाएका उचित मुद्दा समयमै सम्बोधन नगरेमा द्वन्द्व बढ्छ, समस्या जटिल हुन्छ । त्यसैले, काठमाडौँले यस विषयलाई गौण मान्नु हुँदैन ।

## ३.१ साझा सरोकार

राष्ट्रियता, राष्ट्रको पहिचान, राष्ट्रिय सुरक्षा, राज्यको बनोट, राष्ट्रिय इतिहास, सुरक्षित वर्तमान, आकर्षक भविष्यजस्ता शब्दावलीहरू जो अहिलेको बदलावसँग जोडिएर आएको छ, त्यसलाई परिभाषित गर्दा त्यसमा नेपालका प्रत्येक क्षेत्रका बासिन्दाको आकाङ्क्षा र अभिलाषाहरूको अभिरेखाङ्कन भएको छ कि छैन भन्ने सवाल प्राथमिकतामा पर्नु पर्दछ। यी सवालहरूको जवाफ संविधानले समेट्न सकोस् भन्ने अपेक्षा हामी सबैको थियो ।

संविधान एक अमुक लिखित दस्तावेज मात्र होइन। यो नेपालको समग्र सामाजिक अवयव जोड्ने सुत्र पनि हो । संविधान विविध सामाजिक तथा आर्थिक परिवेशमा रहेका जनताको आर्थिक, सामाजिक विकास मार्फत समृद्ध तथा न्यायपूर्ण समाज निर्माण गर्ने सुत्र बन्नुपर्छ। यो हरेक समुदायको जीवन पद्धतिमा देखापर्ने जुनसुकै विभेदको अन्त्य गर्ने, एकता प्रोत्साहित गर्ने र सामाजिक सद्भावमा बढोत्तरी गर्ने विधिको पर्याय बन्नुपर्छ। नेपाली सन्दर्भमा भावनात्मक एकीकरणको ऐतिहासिक कार्यभारलाई पूरा गर्ने र त्यसलाई व्यावहारिक रूपमा चरितार्थ गर्ने दस्तावेजको रूपमा संविधानलाई बुझिनु पर्छ।

विभिन्न समयमा बनेका संविधानको स्वीकार्यताबारे मधेसी समुदायले आफ्नो धारणा राख्दै आएका छन् जुन कहिले क्रान्ति त कहिले विद्रोहको रूपमा देखापरे (Dhakal, 2017)। यसैक्रममा २०७२ मा आएको नेपालको संविधानले पनि मधेसको सन्दर्भमा सामाजिक परिवेशलाई जोड्ने सुत्रको रूपमा पूर्णतः काम गर्न नसकेको आभास भयो । यीमध्ये केही आन्दोलनहरूलाई राज्यबाट सम्बोधन गरियो भने केही त्यत्तिकै सेलाए । राज्यबाट भएका केही ठुला निर्णयहरू जस्तैः संविधानमा सामाजिक सद्भावको सुनिश्चितता, प्रादेशिक विभाजन, समानुपातिक प्रतिनिधित्व र सहभागिता आदिले मधेसी समुदायको हक अधिकारका लागि केही प्रयास भएको देखाए तापनि विभिन्न पक्षमा अझै पनि विमति र सामाजिक असन्तुष्टि रहेको आभास हुन्छ (नकर्मी, २०७८)।

वि.सं. २०७२ मा संविधान सभाबाट नयाँ संविधान घोषणा भएपछि मधेसीको असन्तुष्टि पेचिलो बनेर देखापर्नु त्यसैको सूचक थियो । संविधानले जोड्नुपर्ने कतिपय विषयमा संविधानले नबोलेको हुनाले मधेसी समुदायमा एक प्रकारको आशङ्का देखापर्नुका साथै आफ्ना जायज विषयहरू नसमेटिएकाले मधेसीजनले असन्तुष्टि व्यक्त गर्नु स्वाभाविक नै हो भन्न सकिन्छ।

असन्तुष्टि पहाडतिर पनि छ। संविधान घोषणापश्चात् नेपाली समाज मानसिक रूपमा पूर्ण एकीकृत भइसकेको छैन। संभवत यसको कारण दशवर्षे सशस्त्र द्वन्द्वको क्रममा उठाइएका मुद्दाहरूमध्ये जातीय पहिचान राज्यको संरचनामा झल्किनुपर्ने विषय र उक्त अवधिमा मुद्दाको रूपमा उठाइएका राजनीतिक, आर्थिक तथा सामाजिक मुद्दाहरूमध्ये केही विषयहरू संविधानमा पर्याप्त रूपमा सम्बोधन नहुनु पनि हुन सक्छ।

राज्यको संयन्त्रलाई नै सबैलाई बाँध्ने आधार मान्ने हो भने प्रश्न उठ्छ नै - सामाजिक सद्भावमा आधारित राज्य संयन्त्रमा सबैको पहुँच छ ? पहुँच हुन्छ ? सबै समुदायका मानिसहरूले राजनीतिमा प्रतिनिधित्व कसरी पाउँछन् ? यसैगरी, कसैले सोच्न सक्दछ - राज्यको नीति निर्माणको तह र साधन स्रोतको वितरणको तहमा मेरो वा मेरो समुदायको उचित प्रतिनिधित्व र पहुँच छ ? यस्तो अवस्थामा म र मेरो समुदाय राज्यको संयन्त्रमा बराबरीको हिस्सादारी हुन सक्छ कि सक्दैन ? नेपालको पहिलो र दोस्रो संविधान सभामा यी प्रश्नहरू पटक-पटक उठेका थिए। पुनर्वितरण र पहिचानका जटिल प्रश्न संविधान निर्माणको क्रममा नेपालमा उठेका थिए। यो सवाल मधेस तथा पहाडका पछाडि परेका तथा वञ्चित वर्ग सबैको हो।

अहिले पनि कतिपय प्रश्नहरूको सम्बोधन भइसकेको छैन । त्यसैले, मधेसी लगायत अन्य उपेक्षित समुदायले पनि पहिचान र अधिकारको प्रत्याभूतिको माग गरेका छन्। राज्यले उनीहरूको उचित माग समयमै सम्बोधन गर्न जरुरी छ । यसले सद्भावको विकास हुन्छ । समुदाय-समुदायबिच, व्यक्ति-व्यक्तिबिच र जातजातिबिच सद्भाव वृद्धि हुन्छ र न्यायपूर्ण समुदायको विकास हुन्छ। सबैले आत्मगौरव महसुस गर्दछन्। राष्ट्रप्रतिको भाव प्रगाढ हुन्छ। राष्ट्रियताको संरक्षण र प्रवर्धन हुन्छ।

## ३.२ लेखन तथा सूचना प्रवाह

नेपाली समाजका समस्याहरूलाई केलाउने आ-आफ्ना राजनीतिक दृष्टिकोणहरू छन्। वर्गीय दृष्टिकोणले हेर्ने कतिपयले पहिचानको पक्षलाई गौण ठान्दछन् । वर्गीय आधार त अनुकूल परिस्थितिको निर्माण भएपछि फेरिएर जान सक्छ। तर, पहिचान त रहिरहन्छ। पहिचान पक्षधरहरूले आफ्नो असन्तुष्टि पोख्दै गर्दा कतै आत्मकेन्द्रित भए कि ? अरूलाई आफ्ना असल अभिष्ट बुझाउन सकेनन् कि ? पहाड र मधेसकै कुरा गर्दा आन्दोलनको तरिका छनौटमा मधेस आत्मकेन्द्रित हुँदा मधेसमा रहेका फरक पहिचान भएका समुदायले त्यसबाट आफूहरू टाढिएको महसुस गरे कि ? यी मनोवृत्तिहरू त्यसै उब्जिएका होइनन् । नेपाली लेखनले पनि यस किसिमको भावना बढाउन काम गरेको हुन सक्छ ।

प्रगतिशील लेखन होस् वा लोकतन्त्रको नाममा गरिने लेखन होस्, त्यसले मधेसीको भुइँ यथार्थलाई समग्रतामा संयोजन गर्न सकेको छैन। यस कारणले पनि लेखन प्रवृतिप्रति गुनासो छ। लेखनमा मधेसी समुदायको भावना किन प्रतिविम्बित नगर्ने ? यसले राष्ट्रिय एकतामा थप बल पुऱ्याउछ ।

हामीले मधेस समस्या देशको अन्य समस्याहरूसँग अविभाज्य रूपमा गाँसिएको छ भनेर किन बुझाउन सकिएन ? लेखन कहाँ चुक्यो ? मूलधारका सञ्चार माध्यम तथा सामाजिक सञ्जालले आफ्नो देशको समस्यालाई मेरो समस्या भन्न किन सकेनन् ? यसको छोटो जवाफ छ, लेखनको मूल प्रवृत्ति टाँगामा डोरिएको घोडा जस्तै भयो जसको आँखाको दुवैतिर पट्टि बाँधिएको हुन्छ र ऊ केवल अगाडि मात्रै देख्छ। यसरी अग्रहेराइ हाम्रो सन्दर्भमा एकोहरोपन भएर प्रकट भएको छ। समाजमा यसरी विकसित हुने एक सङ्कुचित मनोभावनाले असहज वातावरण बन्ने खतरा बढेको छ। यो पक्ष निकै मननीय छ। लेखनको माध्यमबाट राज्य संयन्त्र जनस्तरमा जोडिन सक्नुपर्छ । अन्यथा राज्य र जनताबिचको विश्वास र सम्बन्ध बलियो हुन सक्दैन ।

पहाडी र मधेसी समुदायबिचको भिन्नताबारेको विमर्श भनेको आफैँमा पहाड-मधेस सहयोग, समन्वय, समझदारी र सहयात्राको खोजी हो । पहाड-मधेस सम्बन्ध त्यसै पनि राजा महाराजाहरूले बनाएर दिएको नभई आर्थिक-सामाजिक आवश्यकतासँग जोडिएर जनस्तरबाट निर्मित हो। तर, विडम्बना के छ भने, नेपाली भूगोलका बासिन्दामा कसरी जनस्तरको सम्बन्ध विकसित भयो र यसले कसरी स्वीकार्यता पाउँदै गयो ? कसरी अन्तरनिर्भरताका आधारहरू खडा गरिए ? भन्ने विषयमा हाम्रा इतिहासकारहरूले कलम चलाएको पाइदैन। यो पक्षमा खासै बहस भएको पनि पाइदैन ।

पहाडी र मधेसी समुदायबिच जति खुला संवाद मार्फत बहुआयामिक सम्भावनाहरूको खोजी गरिन्छ, त्यति नै नेपालमा बसाउन खोजिएको पद्धति र राष्ट्रियता दिगो हुन्छ । यस सवालमा सरकार, राजनीतिक दल, सामाजिक संस्था, व्यक्ति सबै गम्भीर हुनुपर्छ। मुख्य गरी दुवै समुदायमा सूचनाको प्रवाह के भयो ? यसले के प्रभाव पाऱ्यो ? आमसञ्चार माध्यमबाट विशेषगरी प्रमुख सूचना प्रदायकहरूले सूचना प्रवाह कसरी गर्छन् ? भन्ने विषय स्पष्ट आकलन र अनुसन्धान गर्ने गरिएको छैन ।

पहाडी, मधेसी दुवै समुदायमा सूचनाको कमी र नियोजित सूचनाहरूको प्रसारले एक खालको पूर्वाग्रह बढाएको पनि यदाकदा देखिन्छ । नेपालमा मधेस तथा पहाड दुवै समुदायको विशिष्ट योगदान छ । पहाडी र मधेसी समुदायको सहयात्राविना नेपाल उँभो लाग्दैन । तर, अहिले सामाजिक सद्भावको यस विषयमा पूर्ण बहस भएको छैन । मधेसी अधिकारकर्मीहरू केवल आफूलाई हेरेर बोल्छन् भने पहाडी बुद्धिजीवीहरू पूरा देशलाई सामुन्ने राखेर विश्लेषण गर्दैनन् । उनीहरूको विश्लेषण र बोली प्राय मधेस नबुझी पहाड केन्द्रित हुने गरेको पाइन्छ भने मधेसी बुद्धिजीवीहरूले पनि पहाड र पहाडी-मधेसी समुदायको घनिष्टता नबुझेको देखापर्ने गरेको छ ।

परिणामस्वरुप, उनीहरूको विश्लेषणले नेपाली पहिचानहरूको सहयात्रालाई सहजता होइन, जटिलताको रूपमा प्रस्तुत गर्छ । त्यसरी त कतै पनि सन्तुलित सम्बन्ध निर्माण हुनै सक्दैन । हामीले यी पक्षलाई गौण मान्नु हुँदैन ।

## ३.३ संवादको सुरुआत

लेखकहरूले सामाजिक सद्भावका विभिन्न प्रयत्नहरूलाई आफ्ना लेखन मार्फत स्वर दिन सक्छन् । असहमति वा अस्मिता खोजीलाई स्वर दिन सक्छन् । मधेसीको हकमा उसको 'अभारतीयकरण' का लागि गरिएको सङ्घर्षलाई राष्ट्रिय चिनारी दिन सक्छन् । लेखन मार्फत सुरुआत गर्न सकिने आपसी संवादका लागि केही बुँदागत पृष्ठपोषण यस प्रकार छन्:

क) अन्तरभौगोलिक यात्रालाई प्रोत्साहित गर्ने,

ख) लामो समयसम्म फरक भूगोलमा काम गरेकाहरूको अनुभव साझेदारीको सार्वजनिक अवसर उपलब्ध गराउने,

ग) अन्तरभौगोलिक छात्रवृत्ति योजनाको सुरुआत गरी फरक भूगोलमा जान प्रेरित गर्ने,

घ) पहाड र मधेसबिचको आर्थिक जीवनका विद्यमान सबलता र भावी सम्भावनाहरूको उजागर गर्ने,

ङ) मधेसी र पहाडी समुदायमा सामाजिक लेनदेनलाई प्रोत्साहित गर्न सघाउ पुग्ने सन्दर्भ सामग्री बनाई सामाजिक सञ्जाल मार्फत विस्तार गर्ने,

च) पाठ्यपुस्तकहरूमा नेपालको भूगोल र त्यसले बोकेको विविधता चिनाउने सामग्रीहरू प्रस्तुत गर्ने,

छ) एक अर्काको भूगोलमा मेला, महोत्सवहरूको आयोजना गर्न प्रोत्साहित गरी दस्तावेजीकरण मार्फत चिनारी फराकिलो गर्ने,

ज) मधेसबाट लोकतन्त्र, सामाजिक न्याय वा सांस्कृतिक क्षेत्रमा अतिविशिष्ट योगदान गरेकाहरूको प्रतिमा स्थापना, मार्ग वा टोलहरूको नामाकरण गर्न पर्याप्त तथ्य सङ्कलन गर्ने,

झ) सामाजिक शिक्षा अन्तर्गतको अध्ययनमा फरक भूगोलमा गई केही समय बस्ने तथा त्यसबारे प्रतिवेदन तयार गर्ने र यसका लागि विद्यालय/क्याम्पसहरूले आतिथ्य संयोजन गर्ने गराउने प्रावधान हुने खालको कार्यक्रम सञ्चालन/आयोजना गर्ने ।

सीमाञ्चल सम्बन्ध र राष्ट्रियताको चनाखोपनबिचको भिन्नतालाई व्याख्या गरी सामाजिक सद्भाव सुनिश्चित गर्न सकिन्छ । यसबाट सामाजिक सद्भावका सुत्रहरू भेट्टाउन सकिन्छ । लोकतन्त्रको स्वरलाई अझ बढी तन्काउँदै लैजाने र लेखकहरूले आफूलाई जहिले पनि प्रतिपक्षमा राख्नु युग धर्म नै हो । तसर्थ, यस पक्षमा समेत मूलधारका सञ्चारमाध्यमहरूले आफूलाई खरो रूपमा उतार्न सक्नुपर्छ ।

# परिच्छेद ४

# छलफलको विषयवस्तु

## ४.१ भुइँ तहमा भोगिएको सत्य

पहिलो संविधानसभाको राज्य पुर्नसंरचना र राज्य शक्तिको बाँडफाँट समितिद्वारा मधेसी पहिचानलाई चित्रण गर्दै भनिएको छः "प्राग ऐतिहासिक, ऐतिहासिक, वैदिक कालखण्डहरूमा समेत रहेको विदेह, विराट, सलहेश, सिम्रौनगढ, शाक्य लगायतका गणराज्यहरूका बासिन्दाहरू कालान्तरमा मधेसी भनेर एउटा विशेष पहिचान र राष्ट्रियताको रूपमा एकताबद्ध भई रहेको समुदाय हो" ।

राजनीतिकर्मी जय प्रकाश गुप्ताका अनुसार, मधेस एक सांस्कृतिक पहिचान हो, जुन पहाडभन्दा फरक छ । उनी भन्छन्, मधेस कुनै स्थान वा समुदायको सांस्कृतिक पहिचान, इतिहास, जातजाति, भाषा, रहनसहनजस्ता एकभन्दा बढी तत्त्वको संयोजनबाट बनेको छ । राजनीतिशास्त्री कृष्ण हाछेथुको विश्लेषणमा मधेस एक बहुजातीय, बहुभाषिक र बहुधार्मिक स्थल भए तापनि यसको एउटा साझा सांस्कृतिक पहिचान छ, जसको बनोट साझा मनोविज्ञानबाट बनेको छ। उहाँका अनुसार तराई मूलका हिन्दु धर्मावलम्बी विभिन्न जातका होउन् वा मुसलमान, सुदूरपूर्व झापामा बसोबास गरेका राजवंशी होऊन् वा सुदूरपश्चिम कञ्चनपुरका थारु, मैथिली मातृभाषी होऊन् वा अवधिभाषी हुन् । उँहाको विश्लेषणमा यी सबै समुदायको साझा दृष्टिकोण मधेस र मधेसीहरू राज्य सञ्चालन गर्ने र राज्य सत्ताको संरचनामा पुगेर सेवा गर्ने अवसरबाट वञ्चित रहेका छन् भने राज्य सञ्चालन गर्ने संयन्त्र समावेशी नभएका कारण राज्य सत्ता पहाडी समुदायको नेतृत्वमा मात्र रहेको बुझिन्छ। जनसाङ्ख्यिक दृष्टिकोणबाट हेर्दा राज्य सञ्चालन गर्ने संयन्त्रमा मधेसी समुदायको प्रतिनिधित्व कम रहेको पनि छ।

मानिसको सामुदायिक व्यवहार र लेनदेन एक भएपछि यी समुदायको सामाजिक परम्परादेखि प्रयोग भएको मातृभाषा, संस्कृति, व्यवहार र मनोविज्ञान राजनैतिक सीमाभन्दा बाहिर जानु स्वाभाविक हुन्छ। त्यसैले, खुला सिमाना र सीमापारिका मानिससँगको सांस्कृतिक सामिप्यको कारण मधेसीहरूको राष्ट्रियतामाथि अनावश्यक रूपमा यदाकदा शङ्का गर्ने चलनले गर्दा मधेसी पहिचान अस्तित्वमा आएको वीरगन्जस्थित ठाकुरराम बहुमुखी क्याम्पसका उपप्राध्यापक ललन द्विवेदी बताउँछन् । उनका अनुसार, पारि भारततिर समान सांस्कृतिक समूहको बसोबास भए तापनि त्यहाँ मधेस वा मधेसीको भन्ने पहिचान छैन। यो पहिचान नेपालभित्र नै खोजिएको र स्वीकारिएको छ। उनी भन्छन्, "मधेसीको धार्मिक परम्परा, भाषा, जातपातको व्यवस्था, खानपान, पहिरन, मनोरञ्जनको शैली, जस्ता पक्षहरू सीमापारिका भारतको विहार र उत्तर प्रदेशका बासिन्दासँग मिल्दोजुल्दो छ।" त्यसैगरी राजनीतिकर्मी गोपाल ठाकुर पहाडी समुदायका मानिसहरू ठुलो सङ्ख्यामा मधेसीमूलका जनजातिहरूको बाहुल्यता रहेको जिल्लाहरूमा बसाइँ सर्दा, ती जनजातिहरू आफ्नै क्षेत्रमा अल्पमतमा परेको बताउँछन् ।

उदाहरणार्थः चितवन, दाङ, कैलाली, कञ्चनपुर, बर्दिया आदि जिल्लामा पहाडी समुदायको बाहुल्यता बढेको स्पष्ट देखिन्छ ।

वि.सं. २०७८ को पछिल्लो जनगणनाले कुल जनसङ्ख्याको ५३.६१ प्रतिशत मानिसहरू तराईमा बसोबास गर्ने गरेको देखाएको सन्दर्भमा नेपालको तराईमा वि.सं. २००८/०९ सालतिर करिब ६ प्रतिशत मात्र रहेको पहाडी मूलका बासिन्दाको आवादी अहिले करिब ४० प्रतिशत नाघेको बताइन्छ । त्यस कारण यसलाई भूगोलका आधारमा मधेसी भनिने समुदायको विषयको रूपमा हेरिनु हुँदैन (नकर्मी, २०७८) । सारभूत रूपमा मधेसी पहिचानको खोजी राज्यसँग सम्बन्ध निर्धारणको क्रममा नेपालको दक्षिणी भूगोलमा रैथाने बसोबास भएका तर बहिष्करणमा पारिएको भनिएको समुदायको अस्मिताको विषय भएको मधेसी अधिकारकर्मीहरू बताउँछन् । उनीहरू भन्छन्, "मधेसीहरूले राज्यमा पहिचान, पहुँच र प्रतिनिधित्व खोजेका हुन् ।" यही क्रममा समावेशिता, सङ्घीयता, जनसङ्ख्याको आधारमा प्रतिनिधित्व, राष्ट्रियताप्रतिको फराकिलो बुझाइजस्ता मागहरू अगाडि आएका छन् ।

तराइको भूगोलमा जो जसरी र जहिले बसोबास गर्न आइपुगे पनि यस क्षेत्रमा सुरक्षा र सम्मानका साथ बस्न पाउनु सबैको हक हो भन्नेमा कसैको विमति नहोला । त्यो मधेसी पहिचान स्वयम् र अर्को समुदायसँगको सम्बन्धमा सहअस्तित्वको खोजी पनि हो । नेपालीपनमा गर्व गर्ने हरेक मधेसीले भन्ने गर्दछ, "मधेसीहरूको भाषा संस्कृति सिङ्गो नेपालको साझा सम्पत्ति हो" । यिनीहरूको सामाजिक, आर्थिक, राजनीतिक विकास नगरी नेपालको विकास सम्भव छैन र नेपाली राष्ट्रियता मजबुत हुन पनि सक्दैन । पहाड र मधेसबिचको अन्तरसम्बन्धको जगमा नै नेपालको समृद्धि र राष्ट्रियताको जगेर्ना सम्भव छ र गर्नु पर्दछ । त्यसैले, राज्य सञ्चालन गर्ने राष्ट्रिय संरचनाभित्र मधेसीहरूलाई ससम्मान समावेश गर्नै पर्छ र राज्यले यो समुदायलाई विश्वासमा लिनै पर्दछ । साथै, मधेसी नेताहरूले पनि मधेसीको अधिकारको नाममा समाजमा तिक्तता बढाउने र सिङ्गो राष्ट्रप्रतिको जिम्मेवारीमा आघात पुऱ्याउने काम गर्नु हुँदैन । महत्त्वपूर्ण पक्षलाई आत्मसात् गर्न सक्नुपर्छ । यो नेपाली हुनुको यथार्थता पनि हो र नागरिकको दायित्व पनि हो ।

## ४.२ राष्ट्रिय एकताको सन्दर्भमा पुनर्वितरण तथा पहिचानको प्रश्न

अहिले हाम्रो मुलुकभित्र भइरहेको सामाजिक तथा राजनीतिक हलचल नौलो मानिनु हुँदैन । यसलाई मानिसको जीवनमा हुने सामान्य उतारचढाव जस्तै स्वभाविकताका साथ हेर्न सकिन्छ । जटिल प्रश्नहरू उठ्नुलाई पनि स्वाभाविक मान्नु पर्छ । राष्ट्र-राज्य (nation–state) बन्ने क्रममा एउटा भूगोल बनेको छ - नेपाल जहाँ हिमाल, पहाड र तराई-मधेस छ । यहाँ बस्नेहरूबिचमा एउटा सामूहिक राष्ट्र भाव छ । यद्यपि, समुदायहरूबाट मेरो स्थान के र मेरो अधिकार के हो भन्ने प्रश्नहरू उठेका छन् - उठ्ने गरेका छन्, जुन स्वाभाविक पनि छ । सायद विभेद वा वहिष्करणमा परेको अनुभूति नभएको भए वा राज्य सञ्चालन गर्ने संयन्त्रमा समान पहुँच र सहभागिता रहेको महसुस गरेको भए यो प्रश्न उजागर हुने नै थिएन (Parwez, 2006; Dhakal, 2017) ।

आजकल अरू पनि महत्त्वपूर्ण प्रश्न उठ्ने गरेका छन् । जस्तैः बहुल समाज के हो ? के हामी एक अर्कालाई बुझ्न सक्छौं र स्वीकार गर्न सक्छौं ? हामीबिचका फरक विचार, मत र आकाङ्क्षालाई स्वीकार गर्न सक्ने आधार छन् वा छैनन् ? यस्ता प्रश्नहरूका माझ अर्को पक्ष देखिएको छ, त्यो के भने हामी सबै अन्यायमा परेका छौं, हाम्रो समुदायको सहभागिता राज्य संरचनामा छैन वा अति न्यून छ । म र मेरो समुदाय उपेक्षित छ वा मैले वा हामीले पाउनुपर्ने यथोचित स्थान र मर्यादा पाएका छैनौं । यदाकदा नेपाली समाजमा सबै ठगिएको, हेपिएको वा मर्माहत भएको भन्ने मनोदशा व्याप्त रहेको पाइन्छ ।

यद्यपि, पछिल्ला वर्षहरूमा निजामती सेवा आदि लगायतका सार्वजनिक क्षेत्रमा सामाजिक समूह प्रतिनिधित्व हुने गरेर नै कानुनी व्यवस्था लागु भएको छ । विशेषगरी, मधेसी, जनजातिजस्ता भुइँमान्छेको समुदायमा मानव अधिकारको दृष्टिकोणबाट हेर्दा कोही पनि आफ्नो यथोचित मर्यादा र अधिकारबाट वञ्चित हुनु हुँदैन । यसरी अधिकारको कुरा गर्दा व्यक्ति वा समुदायले गर्ने चर्चा र यसबाट उठेको विरोधाभासलाई बुझ्न जरुरी हुन्छ । कुनै पनि दर्शन र कार्यक्रम पूर्ण हुँदैनन् । त्यसैले आफ्ना अपूर्णताको मनन गर्न जरुरी छ । यही भाव नै प्रत्येकले एक अर्काको पूरकको बोध गर्दा व्यक्ति-व्यक्तिका भावनालाई हामी सामूहिक भावनाको रूपमा बुझ्न सक्छौं । यही नै विकसित समाजको कल्पना हो; उन्नत समाजको चरित्र पनि हो ।

सबैलाई एक अर्काका पूरकको रूपमा हेर्दा त्यहाँ पुनर्वितरण र पहिचानको प्रश्नको सन्तुलन खोज्न सकिन्छ । जस्तै, सदिऔंदेखि विभेद भएका कारण दलित आन्दोलनहरूले अधिकारको माग उठाउँदछन् । तथ्याङ्कले पनि दलित समुदाय कम शिक्षित छन्, गरिब छन् भन्ने देखिन्छ । दलितको आवाज भन्ने बित्तिकै पहिचान र उनीहरूको साधन र स्रोतमा पहुँचको प्रश्न एकैसाथ जोडिन आउँछ । त्यसैगरी, थारु वा अन्य सीमान्तकृत वर्गको लागि पनि पहिला पुनर्वितरण कि पहिचानका कुरा भन्ने प्रश्नको उत्तर वस्तुगत आधारमा निर्क्योल गर्ने प्रश्न हुन्, जसको कुनै ठोस उत्तर पाउन मुस्किल हुन्छ ।

जसले म अन्यायमा परेको वा ठगिएको छु भन्ने दाबी गर्छ, उसले त्यो भौगोलिक क्षेत्र र त्यहाँको समाज समेत अर्कै भौगोलिक क्षेत्र वा समाजबाट अन्यायमा परेको वा ठगिएको पनि मनन गर्न सक्नु पर्दछ । इतिहासको पुनर्कल्पना गरिएला, यसो भइदिए हुँदो हो, उसो भइदिए हुँदो हो भनिएला तर हालको वास्तविकताकै आधारमा राजनीतिक कल्पना गर्नु जरुरी देखिन्छ । इतिहासमा भएको विभेद वा अन्यायको क्षतिपूर्ति अहिले पुरण गर्न सकिदैन । तर, अहिले न्यायपूर्ण समाज भने निर्माण गर्न सकिन्छ । नेपाली समाज परापूर्वकालदेखि नै एकआपसमा मिलेर बसेको समाज हो तर केही समुदाय वा भौगोलिक क्षेत्रका मानिसहरूले राज्य सञ्चालन प्रणालीमा आफ्नो समुदयको पहुँच र सहभागिताका विषय न्यून रहेको र बहिष्कारमा परेकाले यो विषयको समाधान खोज्नु पर्छ भनेर प्रश्न उठाउन जायज नै हुन्छ ।

## ४.३ सद्भावको बुझाइ

नेपालमा जति ज्यादा हृदयविदारक घटना घटे पनि हामी सबै सँगै मिलेर बस्नुपर्ने अवस्था छ। उदाहरणार्थः सशस्त्र द्वन्द्व र मधेस तथा थारु आन्दोलनले सिर्जना गरेको परिवेशलाई लिन सकिन्छ। सँगै नबसी नहुने स्थितिमा एक ठाउँमा समेटिने उपाय पनि सोच्नु र खोज्नु जरुरी छ। राष्ट्रियताको व्यापक चर्चा भइरहेका बेला सद्भावको कुरा उठ्ने गर्दछ। सद्भाव शब्द ज्यादै सकारात्मक छ। तर समय र सन्दर्भमा यो शब्द कसैका लागि नकारात्मक लाग्न सक्छ। मधेस आन्दोलनको सन्दर्भमा कुनै एउटा समुदायले सद्भाव ऱ्याली निकाल्दा अर्को समुदायले नकारात्मक ठान्यो। प्रस्ट रूपमा भन्नुपर्दा कुनै पनि पहाडी समुदायले निकालेको सद्भाव ऱ्यालीलाई मधेसी र थारु समुदायका व्यक्तिले प्रतिरोध ऱ्यालीको रूपमा लिएको पनि देखियो।

यहाँ सद्भावलाई कसरी बुझ्ने भन्ने प्रश्न उठ्छ। सद्भाव भनिए तापनि यसलाई मधेसी समुदायले सद्भावको रूपमा स्वीकारेन। बरु, यो प्रतिकारको रूपमा आएको आम बुझाइ रहेको पाइयो। कतिपयले यसरी व्याख्या गर्नुभयो - सद्भावलाई मधेस-तराईका मानिसले अर्कै रूपमा बुझ्न थाल्दै आएका छन्। यसबाट सद्भावभन्दा अगाडि सहभाव अर्थात् एकले अर्काको अस्तित्व स्वीकार गर्ने भाव आउन जरुरी रहेछ भन्ने बुझियो। यसर्थ, एक समुदायले अर्को समुदायबिचमा रहेको सामाजिक व्यवहार, रीतिथिति र संस्कृतिलाई आत्मसात् गर्न र एकले अर्काको अस्तित्व स्वीकार गर्न जरुरी छ। एकअर्काप्रतिको सद्भभाव र सम्मानपूर्वक व्यवहारले नै एक आपसको सम्बन्ध जोडिन पुग्छ।

समभावको अनुभवको निम्ति केही आधार हामी स्वयम्ले निर्धारण गर्नुपर्ने हुन्छ। कोही मानिसले आफू कहाँ जन्मिने भन्ने आफैं निर्धारण गर्न सक्दैन तर जहाँ जन्मिए पनि मानव समाजमा नै रहनुपर्ने हुन्छ। समाजमा बस्दा कहिले काहीं ढुक्क नहुनु स्वाभाविक नै हो। त्यसैले, अहिले नेपालमा भएका अधिकार, सम्मान, राजनैतिक चेतसम्बन्धी धारणा वा आन्दोलनलाई अस्वाभाविक मान्नु हुँदैन। समाजको दृष्टिकोण र समाजले गरेको अनुभव यसरी नै व्यक्त हुने पनि गर्दछ। यसलाई अन्यथा लिनु पनि हुँदैन। जन्मथलोले मात्रै सबै सम्बन्ध निर्धारण गर्न सक्छ वा सक्दैन यो बहसको विषय हुन सक्छ। यद्यपि, जन्मथलोसँगको मानिसको सम्बन्ध र त्यहाँको सामाजिक परिवेशले एउटा व्यक्तिको जीवनमा उसको सामाजिक व्यवहार, सम्बन्ध, संस्कृति र लेनदेनजस्ता आधारभूत कुरामा प्रभाव पारेको हुन्छ। यहाँ भाषा बोलीको कुरा पनि आउँछ। हाम्रो भाषा र बोलीमा केही हदसम्म अरुप्रति गरिने हाम्रा व्यवहारहरू पनि प्रतिविम्बित हुन्छन्। त्यसैले, हामी अरूसँग कसरी व्यवहार गर्छौं र बोल्छौं त्यसले पनि अर्थ राख्छ।

यही सन्दर्भमा, २०४६ देखि निर्बाध रूपमा निर्वाचित तथा मन्त्री भइसकेका मधेसी नेताहरू भन्नुहुन्छ "हामीलाई पहाडियाहरूले हेपे"। पटक-पटक मन्त्री भइसकेका व्यक्तिहरूले समेत यस्तो भन्ने गर्दा उहाँहरूसँग कैयौं पहाडी बुद्धिजीवीहरूले सोध्न मन लागेको बताए - "के मधेसी नेताहरूको कहिले हैसियत कम भएको थियो र छ ? जो सधैं सरकारमा बसे, जसलाई विभिन्न जात जातिका जनताले जिताएर पठाए, के उनीहरू हेपिएका हुन्छन् ? कुरो यसो होइन। उनीहरू हेपिएका थिएनन्"।

उनीहरूलाई अब लाग्यो - मेरो समुदाय हेपिएको छ। त्यसैले यहाँ केही सिमित व्यक्तिले कस्तो अनुभूति गऱ्यो भन्नु भन्दा पनि आम समुदायले कस्तो अनुभव गरेको छ र उसको धारणा कस्तो छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । यो विषयको छिनोफानो नै बहसको केन्द्र हो । यसबाट नै हामीले सुरुआत गर्न आवश्यक छ ।

हरेक व्यक्ति वा समूहको आ-आफ्ना पुर्खा, मान्यता र परम्पराहरू छन् । ती व्यक्ति वा समूहले हिजो विभेद तथा अन्याय गरेका थिए भने त्यहाँ विषम परिस्थितिहरू पनि पक्कै भोगेका थिए । वर्तमानमा हिजोको त्यस विषयलाई नियाल्न खोज्दा अराजकता देखिन सक्छ । आज विभेद तथा अन्याय गरेर विभेदलाई विगतको क्षतिपूर्ति गर्न र त्यसको मूल्य चुकाउन पनि सकिदैन । तर, आज विभेद तथा अन्यायको अन्त्य गरेर समाजलाई न्याय गर्न भने अवश्य सकिन्छ । साथै, यसले सामाजिक सद्भावलाई कायम राख्न ठुलो सहयोग पनि गर्दछ ।

त्यसैले, हामीले बोली, व्यवहारमा परिवर्तन ल्याउन जरुरी छ । मानव अधिकारको कुरा गर्दा व्यक्तिको अधिकार र मर्यादाको पनि कुरा आउँछ । हाम्रा बोली, भाषा र व्यवहार मर्यादित हुनुपर्छ । यस्तो समभावको आवश्यकता छ । तर, सहभाव बलका आधारमा कायम हुन सक्दैन । बलका आधारमा अधिकार लिने र दिने कुरा आउँदा यस्तो अधिकार फेरि खोसिने, हराउने डर हुन्छ तर छलफल तथा अहिंसात्मक माध्यमबाट निर्धारण गरिएका अधिकारहरू सबैलाई मान्य र स्थायी हुन्छन् । त्यसैले, समभावले स्थापित गरेको सद्भाव बलियो हुन्छ । यसबाट नै पृथक् परिवेशमा रहेका व्यक्ति तथा समुदायहरू सँगसँगै बस्न सम्भव हुन्छ । उनीहरूसँग सहज रूपमा हातेमालो गर्न सकिन्छ । एउटा देशभित्र बसोबास गर्ने सबै समुदायले एक अर्काको अस्तित्वको स्वीकार, धर्म, व्यवहार र संस्कृतिको सम्मान गर्नसके समाजमा सद्भाव स्वतः कायम हुन्छ । राज्यले कुनै पनि समुदायलाई उसको अधिकार र राज्य संयन्त्रमा उक्त समुदायको पहुँच र उचित सहभागिताको सुनिश्चितता गर्न आवश्यक छ र यसमा चुक्नु पनि हुँदैन ।

# परिच्छेद ५

# चुनौती र सुझावहरू

## ५.१ सामाजिक सद्भावसम्बद्ध चुनौतीहरू

एक्काइसौँ शताब्दीको एक चौथाइ समय पार गरेसँगै लोकतान्त्रिक गणतन्त्रको युगमा प्रवेश गरिसक्दा पनि नेपालमा सामाजिक विभेद तथा बहिष्करणका आवाजहरू सुन्न र देखिन छाडेका छैनन् ।

अहिलेको मुख्य चुनौती सहअस्तित्वको संस्कार हाम्रा बालबच्चालाई कसरी दिने भन्ने हो । सबै नचिनेका मान्छे दुस्मन हुन्छन् भन्ने छैन । त्यो सद्भाव, सूचना र पूर्वचेत बालबच्चालाई कसरी दिने जसले गर्दा सद्भावको खोजीले निरन्तरता पाओस् । यसको समाधान चुनौतीपूर्ण भए तापनि उपयुक्त विधिको प्रयोगबाट समस्या समाधान गर्न सकिन्छ र जरुरी पनि हुन्छ ।

आर्थिक न्याय अर्को पक्ष हो । आर्थिक रूपमा सबै बराबर नहोलान् । त्यो सम्भव नहोला । यद्यपि, सबैले आफ्नो जिउने आधार यही देशमा भेटाउन सक्नुपर्छ । समतामुखी अर्थव्यवस्थामा सद्भाव निर्माण गर्ने एउटा महत्त्वपूर्ण कडी आर्थिक न्याय हो । सबै समुदाय, जाति, जनजातिले समान अवसर यही देशमा खोजेका छन् र श्रम गर्न चाहन्छन् । आफ्नो भविष्य यही देशमा खोजेका छन् र उन्नति एवम् समृद्धि खोजेका छन् ।

व्यावहारिक रूपमा भन्ने हो भने, समावेशी र अवसरको समान पहुँचको माध्यमबाट सामाजिक व्यवहारमा रूपान्तरण हुने सद्भावको संस्कृति विकास गर्न सकिन्छ । यो विषय अरू कसैले सिकाउने होइन, आफैले सोचेर व्यक्त हुने कुरा हो । के गर्दा सद्भाव अगाडि बढ्छ भनेर सोच्नु व्यक्तिगत र सामाजिक दुवै रूपमा हामी सबैको जिम्मेवारी हो । समाजका हरेक सदस्यले एक अर्काबिचको सम्बन्ध सुमधुर बनाउन व्यक्तिगत तथा सामाजिक रूपमा नै क्रियाशील हुनुपर्छ । हाम्रो सामाजिक व्यवहार छ । साथै, लेनदेन, ऐँचोपैँचो, चाडपर्व आदि सामाजिक क्रियाकलपहरूमा हरेक व्यक्ति समावेश हुने हुँदा यसलाई मनन गर्न अत्यन्त जरुरी हुन्छ ।

विगतमा घटेका केही सीमित घटनाहरू तथा राज्यको हरेक क्षेत्रमा सहभागिताको कमीले मधेसी र पहाडी समुदायबिचमा विमति आएको धारणा धेरै प्राज्ञ तथा सामाजिक अभियानीहरूले व्यक्त गरेका छन् । तसर्थ, यो पक्ष अति महत्त्वपूर्ण छ । यसमा ध्यान दिन नसक्दा सम्बन्ध तनावपूर्ण बन्न सक्छ वा कहिलेकाहिँ तानवपूर्ण पनि बन्न गएको छ । तसर्थ, नेपालमा विभिन्न समुदायबिच सामाजिक सद्भाव कायम गर्ने र बहुसांस्कृतिक राज्य निर्माण गर्न सकिने अवस्था हो भन्ने कुराको आस तथा भरोसा कसरी जगाउने भन्ने विषय चुनौतीपूर्ण छ । यद्यपि, हामीले यसतर्फ आवश्यक कदम चाल्नुपर्छ । पछाडि परेको समुदायलाई अगाडि ल्याउने नीति लिनुपर्छ ।

हाम्रो देशको द्वन्द्व राज्यविरूद्ध सामाजिक समूहको द्वन्द्व हो । एउटा समुदाय र अर्को समुदायबिच भयो भने त्यो साम्प्रदायिक दङ्गा हुन्छ। अपवादमा पहाडी र मधेसीबिच कहिलेकाहीँ (नेपालगन्ज, विराटनगर लगायत इतिहासको कालखण्डमा क्षणिक रूपमा) साम्प्रादायिक द्वन्द्व प्रस्फुटन भए पनि दीर्घकालीन रूपमा यस्ता द्वन्द्व देखापरेका छैनन् देखिएका पनि अति अस्थायी प्रकृतिका रूपमा रहिआएका छन् । मूलतः नेपालमा सामाजिक द्वन्द्व निवारणको शैली सरोकारवाला सामाजिक समूहले राज्यसँग वार्ता र मिलजुल गर्ने खालको छ ।

सामाजिक सद्भाव लामो यात्रापछि मात्र प्राप्त हुन्छ । त्यो लामो यात्रामा जाने समावेशी समाजको चरित्र र अन्य अवयवहरूलाई राज्यले जति बढी स्वीकार गर्दै जान्छ, त्यति हामी ठीक ठाउँमा, सामाजिक सद्भाव प्राप्त गर्ने यात्रामा गइरहेका हुन्छौँ । संविधानको मर्म पनि यही हो । नेपालको संविधानको सन्दर्भमा मधेसी तथा अन्य समुदायका असम्बोधित उपयुक्त मागलाई सम्बोधन गर्न हिचकिचाउनु हुँदैन । कहीँ कतै, केही कमजोरीहरू छन् भने त्यसलाई सम्बोधन गर्दा कसैलाई हानिनोक्सानी हुँदैन भने सामाजिक परिवेश स्वतः सुदृढ हुदै जान्छ। सद्भाव बढ्दै जान्छ। किनकि, कुनै पनि समूहले आफू बहिष्करणमा परेको अनुभूति गर्दैन ।

## ५.२ नेपालमा सामाजिक सद्भाव अभिवृद्धिका लागि सुझावहरू

मधेसमा बस्ने मधेसी नेपाली, पहाडमा बस्ने पहाडी नेपाली र हिमालमा बस्ने हिमाली नेपाली भएकाले नेपालमा बस्ने सबै नेपाली हो भन्ने भावनाको विकास गर्न सोही मुताबिकको राज्य संयन्त्र निर्माणमा सबैले ध्यान दिन जरुरी छ । उल्लिखित विश्लेषण र निष्कर्षलाई लेखकको अनुभव र बुझाइका आधारमा केलाउँदा नेपालमा सामाजिक सद्भाव अभिवृद्धिका लागि देहायका सुझावहरू अपनाउनु आवश्यक देखिएको छ ।

### ५.२.१ नीतिगत सुधारका लागि

क) नेपालको संविधानले व्यवस्था गरेको राज्य संयन्त्रमा हुने समानुपातिक प्रतिनिधित्व र समावेशीकरणको मर्म र भावनालाई वास्तविक लक्षित समूहको पहुँचमा पुऱ्याउनका लागि "तरमारा वर्ग" को हालीमुहाली रोक्नुपर्ने भएकाले यसका लागि आवश्यक ठोस नीतिगत तथा कानुनी व्यवस्था तत्काल गर्न अत्यावश्यक भएको छ ।

ख) नेपाली समाजको विविधता र सामाजिक सद्भावको विषयवस्तुबारे बालबालिकाहरूलाई सुसूचित गर्न आवश्यक देखिएकाले यसलाई विद्यालय तहको सबै कक्षाको पाठ्यक्रममा अनिवार्य रूपमा समावेश गर्ने नीतिगत व्यवस्था गर्न आवश्यक हुन्छ । यसका साथै, सार्वजनिक जीवनका विभिन्न क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेका व्यक्तित्वहरूबारे पनि विद्यालय तहमा पठनपाठन हुन जरुरी देखिएकाले यसलाई विद्यार्थीको पाठ्यपुस्तकमा समावेश गर्नुपर्दछ ।

ग) सामाजिक सद्भाव कायम राख्न स्थानीय तह र जनप्रतिनिधिहरूको भूमिका महत्त्वपूर्ण हुने भएकाले हरेक स्थानीय सरकारले समुदायस्तरमा विभिन्न कार्यक्रम मार्फत सामाजिक व्यवहारमा परिवर्तन ल्याउने गरी काम गर्नका लागि सकारात्मक नीतिगत हस्तक्षेप गर्न जरूरी हुने देखिन्छ ।

घ) नेपालको संविधानले अङ्गीकार गरेको बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विविधतायुक्त नेपालको नीतिगत मार्गदर्शनलाई व्यवहारमा कार्यान्वयन गर्न आवश्यक प्रत्यायोजित नीतिगत तथा कानुनी व्यवस्था गरी त्यसको अक्षरशः कार्यान्वयन गरेर लक्षित समूहलाई सकारात्मक उपचारको सुविधा उपलब्ध गराउनु पर्दछ ।

ङ) पहिचान, प्रतिनिधित्व, आपसी मेलमिलाप र अवसरहरूको पुनर्वितरण (4R – Recognition, Representation, Reconciliation and Redistribution) को कार्यनीतिलाई सबै सरकारहरूले अवलम्वन गरी पूर्ण स्वरूपमा कार्यान्वयन गर्नुपर्छ ।

च) हरेक राजनीतिक दलको स्थानीय स्तरको सङ्गठनमा त्यस जिल्ला तथा क्षेत्रको सामाजिक विविधताअनुरूप राजनीतिक दलहरूको संरचनागत बनोट भयो भने त्यसले पनि सामाजिक द्वन्द्वलाई साम्प्रदायिक दङ्गातर्फ जानबाट रोक्ने भएकाले यसका लागि सम्बन्धित कानुनबाट नै बाध्यकारी व्यवस्था गरिनुपर्ने हुन्छ ।

छ) सामाजिक द्वन्द्वलाई साम्प्रदायिक दङ्गातर्फ जानबाट रोक्ने अर्को उपाय "सेक्युलर इन्स्टिच्युट" पनि हो । त्यसैले पुस्तकालय, खेलकुद, अन्य मनोरञ्जनात्मक कार्यक्रमहरूजस्ता साझा कार्यहरू मार्फत समाजका सबैलाई एकै ठाउँमा राख्न र सो मार्फत सद्भाव अभिवृद्धि गर्न सकिने भएकाले तीनै तहका सरकारले यससम्बन्धी नीतिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु वाञ्छनीय हुने देखिन्छ ।

## ५.२.२ कार्यान्वयन पक्षको सबलीकरण र सुधारका लागि

सामाजिक सद्भाव अभिवृद्धिको विषय नीति प्रधान नभई प्रक्रिया प्रधान भएकाले यस विषयमा राज्य संयन्त्रले चनाखो भएर कार्यक्रम निर्माण तथा कार्यान्वयन गर्नुपर्छ । सामाजिक सहिष्णुता बढाउने सबल माध्यम सम्पर्क र आपसी संवाद नै हो । शिक्षा, सामाजिक सशक्तिकरण र सरकारी अग्रसरताले सद्भाव बढाउने हुँदा यसतर्फ राज्यले उपयुक्त कदम चाल्नु पर्दछ । यसका लागि निम्न पक्षहरूमा सुधारका पहल आवश्यक छ ।

क) सार्वजनिक प्रशासनका क्षेत्रमा मधेसी समुदायसहित अल्पसङ्ख्यक तथा पछाडि परेका समुदायका व्यक्तिहरूप्रतिको आम धारणा (mindset) मा परिवर्तन गर्न कर्मचारीहरूलाई स्टाफ कलेजबाट दिइने तालिमको मौजुदा पाठ्यक्रममा परिवर्तन गरी सामाजिक सद्भाव, एकता र सामाजिक विविधताको सम्मानका ज्ञान र अभिवृत्तिका पक्षहरू समावेश गरी कार्यान्वयनमा ल्याउने ।

ख) सामाजिक सद्भाव र यसको प्रवर्धनको विषयलाई यातायातका साधन तथा सार्वजनिक स्थानहरूमा पोस्टर, पम्प्लेट आदिका माध्यमबाट प्रचारप्रसार गर्ने ।

ग) मधेस र पहाडको सामाजिक अन्तरघुलन र सामाजिक लेनदेनलाई प्रवर्धन गर्न मधेसी र पहाडी समुदायबिचको (अन्तरजातीय) विवाह गर्न चाहने जोडीलाई दुरुत्साहित हुनुनपर्ने वातावरण सिर्जना गर्ने ।

घ) हरेक स्थानीय निकायमा स्थानीय भाषा जान्ने केही कर्मचारीहरूको व्यवस्था गरी पहाड र तराईका स्थानीय निकायमा कार्यरत कर्मचारीहरूको अनुभव आदानप्रदान गर्न अन्तरक्षेत्र/अन्तरनिकाय भ्रमण तथा सरुवालाई प्रोत्साहित गर्ने ।

ङ) राष्ट्रिय गौरवका विषयहरूको खोजी गर्दै त्यस्ता राष्ट्रिय गौरवका विषयहरूको संरक्षण तथा उपयोगको सिलसिलामा तिनीहरूलाई पहाड तथा मधेसको साझा धरोहरको रूपमा स्थापित र विकसित गर्ने ।

च) सामाजिक अगुवा र नागरिक समाजको संयोजनमा विभिन्न समुदायहरूबिच सामाजिक तथा सांस्कृतिक आदान-प्रदान कार्यक्रमहरू संयुक्त रूपमा नियमित सञ्चालन गर्ने ।

छ) धार्मिक तथा साम्प्रदायिक नेताहरूबिच नियमित अन्तरक्रिया सञ्चालन गर्ने ।

ज) तराईका युवाहरूलाई पहाडमा र पहाडका युवाहरूलाई तराईमा अध्ययन-अनुसन्धान, अवलोकन तथा विस्तारका कार्यक्रममा संलग्न गराउने र दुवै क्षेत्रको रीतिथिति, संस्कृति, भाषा आदिको जानकारी आदानप्रदान गर्ने, गराउने ।

झ) विद्यालयस्तरमा विशेष गरी ग्रामीण क्षेत्रमा जात र थरको आधारमा हुने विभेदको स्थितिलाई पूर्ण रूपमा निर्मूल गर्न जनचेतना अभिवृद्धिका विशेष कार्यक्रम सञ्चालन गर्ने ।

ञ) पत्रकार र साहित्यकारहरूलाई विभिन्न भूगोलमा पठाएर त्यहाँको भुइँ यथार्थको वास्तविक अवस्था सम्प्रेषण गर्न प्रेरित गर्ने ।

### ५.२.३ थप अध्ययनका लागि

क) मधेसीको पृथक पहिचानसहित पिछडिएको वर्ग, समुदाय तथा क्षेत्रका बासिन्दालाई सम्मानजनक रूपमा राज्य संयन्त्रको मूलप्रवाहमा सरिक गराउन यस्ता वर्ग, समुदाय र क्षेत्रलाई वस्तुगत रूपमा पुनर्परिभाषित गरी स्पष्ट आधार, मापदण्ड र सूचकका आधारमा पहिचान स्थापित गर्न तथा सो बमोजिम राज्य संयन्त्रमा समावेशीकरण गर्न थप र सघन अध्ययन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

ख) सामान्य प्रकृतिका सामाजिक सद्भाव भड्काउने क्रियाकलापलाई कानुनी नभई सामाजिक मामिला मानेर स्थानीय तहमा मध्यस्थता/मेलमिलाप केन्द्र खडा गरी मेलमिलापका माध्यमले सहजीकरण गर्न सकिन्छ वा सकिदैन भन्नेबारे अध्ययन गर्नुपर्ने देखिन्छ ।

ग) नेपालको मौजुदा संविधान कार्यान्वयनमा आएको एक दशक भएकाले संवैधानिक प्रावधानअनुरूप समावेशीकरणको अवस्थामा सुधारका लागि अध्ययन र समीक्षा गरी सोका आधारमा मौजुदा व्यवस्थाहरूको पुनरावलोकन गर्न जरुरी हुन्छ ।

# परिच्छेद ६

# निष्कर्ष

नेपालमा सामाजिक सद्भावको विषय यदाकदा तीव्र बहसमा आउने गर्दछ । सामाजिक विविधता र बहुसांस्कृतिक पहिचान भएको देश नेपालमा जातीय, धार्मिक र क्षेत्रीय समूहहरूबिचका प्राथमिकता र स्वार्थहरूमा आउने फरकपनले गर्दा सामाजिक सद्भावमा यदाकदा चुनौती देखापर्नु स्वाभाविकै पनि हो । यद्यपि, यही विविधताबिचको एकताले सबैलाई एक सुत्रमा बाँधेर हाम्रो सामाजिक संरचनाले जीवन्तता पाइरहेको छ ।

सामाजिक सद्भाव नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक संरचनाको आवश्यकता र चुनौती दुवै हो । विविधताभित्रको एकतामा बसेको देश नेपालले आफ्नो विविधतायुक्त पहिचानलाई प्रोत्साहन गरे तापनि जातीय, धार्मिक र क्षेत्रीय विभेदका कारण यो लक्ष्य पूर्ण रूपमा हासिल गर्न भने सकेको छैन । यसमा पनि मुख्य गरी मधेसी, पहाडी, जनजाति, दलितसहित अन्य वर्गबिच रहेको असमानता, भेदभाव र बहिष्करणका मुद्दाहरूले सामाजिक सद्भावलाई कमजोर बनाएको छ । त्यसैले, नेपालको संविधानले व्यवस्थित गरेको समावेशीता र समानताको सिद्धान्तको प्रभावकारी र अपेक्षाकृत कार्यान्वयन अझै चुनौतीपूर्ण देखिन्छ ।

मधेसको सन्दर्भमा हेर्दा मधेसी र पहाडी समुदायबिच स्वार्थ र प्राथमिकताको फरकपनले क्षेत्रीय सामाजिक द्वन्द्व सिर्जना गर्नु (जातीय, क्षेत्रीय र सांस्कृतिक विभेद) तथा जात, धर्म र लिङ्गका आधारमा गरिने भेदभावले समावेशी विकासमा अवरोध खडा गर्नु (सामाजिक असमानता) जस्ता चुनौतीहरू यस सम्बन्धमा विद्यमान छन् । यसका अतिरिक्त मधेसी समुदायले राज्य संयन्त्रमा समुचित प्रतिनिधित्वको अभाव महसुस गर्नु तथा काठमाडौं केन्द्रित सत्ता संरचनाले मधेसजस्ता क्षेत्रहरूलाई प्राथमिकता नदिएबाट आपसी अविश्वास र असन्तुष्टि बढ्नु (बहिष्करणको अनुभूति) र नेपालको संविधानले समावेशिता र समानताका सिद्धान्तलाई प्रोत्साहन गरे तापनि कार्यान्वयन पक्ष फरक र कमजोर देखिनु (नीतिहरूको सीमित कार्यान्वयन) ले पनि नेपालमा सामाजिक सद्भाव चुनौतीपूर्ण रहेको देखिन्छ । यद्यपि, यसको विकल्प सामाजिक सद्भाव कायम गर्नु मात्र हुने भएकाले यो अत्यन्तै जटिल सामाजिक-सांस्कृतिक परिवेश हो ।

त्यसैले, यस अवस्थामा समावेशी प्रतिनिधित्व, स्रोत साधनको न्यायोचित वितरण र विविध पहिचानहरूको सम्मान सुनिश्चित गर्न राज्यले जातीय र सांस्कृतिक समूहहरूबिचको संवादलाई सुदृढ पार्दै यसको प्रवर्धनमा भरपुर अग्रसरता लिनुपर्छ । आर्थिक असमानतालाई सम्बोधन गर्न वञ्चित वर्गका लागि विशेष रोजगारी र अवसर सिर्जना गर्न सकिन्छ भने नागरिक समाज र सामाजिक संघसंस्थाहरूलाई शान्ति निर्माणका पहलहरूमा समावेश गर्दै विवाद सम्बोधनका प्रभावकारी प्रणालीहरू स्थापना गर्नुपर्छ ।

यसका लागि अन्तरसांस्कृतिक कार्यक्रमहरू गर्ने, चाडपर्वहरू साझा रूपमा मनाउने तथा सांस्कृतिक ज्ञान आदानप्रदान गर्ने खालका कार्यक्रमहरूको आयोजना गर्नु उचित हुन्छ। भौगोलिक क्षेत्रहरू (जस्तै: मधेस र पहाड) बिचको आवतजावत, सामाजिक-संस्कृतिक घुलन-मिलन र अन्तरक्रियालाई प्रोत्साहित गर्दै वञ्चितिकरणमा परेका समुदायलाई सशक्त बनाउन स्रोत साधनको वितरण र अवसर सिर्जनालाई पनि प्राथमिकता प्रदान गरिनु पर्दछ।

सामाजिक सद्भाव अभिवृद्धि गर्नका लागि राज्य संयन्त्रले जातीय र क्षेत्रीय विविधताको सम्मान गर्दै समावेशी प्रतिनिधित्व वस्तुगत र व्यावहारिक रूपमा सुनिश्चित गर्नुपर्छ। यसका लागि स्रोत साधनको न्यायोचित वितरण, समावेशी नीति निर्माण र कार्यान्वयन तथा लक्षित समुदायमा आधारित पहलहरू अपरिहार्य छन्। आर्थिक समानता र अवसर सिर्जनाले सामाजिक द्वन्द्वलाई न्यूनीकरण गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्ने भएकाले तथा शिक्षाको माध्यमबाट मुलुकको सामाजिक यथार्थ र विविधताप्रतिको सम्मानभाव बाल्यकालदेखि नै विकसित गर्न सकिने भएकाले अबका नीतिगत उपकरणहरूलाई यसमा केन्द्रित गर्न आवश्यक देखिन्छ।

समुदाय-समुदायबिच विश्वास निर्माणका लागि अन्तरसांस्कृतिक कार्यक्रमहरूको आयोजना र सहभागिता, आर्थिक सहकार्य तथा नेतृत्व विकासका प्रयासहरूलाई प्राथमिकता दिँदै आपसी संवादको माध्यमले एक अर्काको संस्कृति, परम्परा र भाषा बुझ्न तथा तिनको सम्मान गर्न प्रोत्साहित गर्ने विषय राज्यको नीति तथा कार्यक्रमको प्राथमिकतामा पर्नुपर्छ।

राज्य, समुदाय र व्यक्तिका साझा प्रयासले मात्र समाजलाई न्यायपूर्ण र समतामूलक बनाउने हुँदा नेपालले आफ्नो विविधतायुक्त विशेषतालाई अझ बलियो बनाउँदै सामाजिक सद्भाव र सहअस्तित्वको भावना प्रवर्धन गर्न सक्दछ। यस परिप्रेक्ष्यमा, विविधता र एकताबिचको सन्तुलन खोज्न, प्रगति र समृद्धिको मार्ग प्रशस्त गर्न तथा समाजमा दिगो शान्ति कायम राख्न सबै पक्षको सहकार्य अपरिहार्य देखिन्छ। समग्रमा, नेपालका सन्दर्भमा सामाजिक सद्भाव र एकता मुलुकको बहुसांस्कृतिक संरचनाको आवश्यकता भएकाले राज्य, समुदाय र सबै नागरिकको साझा पहलबाट बहिष्करणको सम्बोधन, प्रणालीगत असमानताको न्यूनीकरण र लक्षित समूहका जनताको समावेशिताको प्रवर्धन मार्फत दिगो शान्ति र विकासको आधारशीला तयार गरेर यसलाई बलियो बनाउनु आवश्यक देखिन्छ।

# सन्दर्भग्रन्थ सूची

कानुन तथा न्याय मन्त्रालय। (२०२२)। श्री ५ सुरेन्द्र विक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐन। http://elibrary.mofaga.gov.np/elibrary/pages/view.php?ref=1773&search=&offset=960&order_by=field8&sort=ASC&archive=0#

ताम्राकार, मन्जित। (२०८०, चैत्र ९)। नेपालमा जातीय विभेदको सुरुवात कहिले र कसरी भयो ? *नेपालीपेन*। https://nepalipen.com/2024/03/10315/

त्रिपाठी, रितेस। (२०७७, भदौ ५)। मधेस आन्दोलनका पाँच वर्ष, देश र मधेसले के पाए, के गुमाए ? *नागरिक दैनिक*। https://nagariknews.nagariknetwork.com/politics/313321-1598062444.html

नकर्मी, सुदीपसिंह। (२०७८)। मधेस विद्रोह र सामाजिक आयाम। *कलादर्पण,* २(१)। https://doi.org/10.3126/kaladarpan.v2i1.50911

मेहता, सन्तोष। (२०७९, फागुन १६)। सङ्घीयता, स्वायत्तता र मधेस आन्दोलन। *रातोपाटी*। https://www.ratopati.com/story/349331/blog

यादव, बृजकुमार। (२०७५, फागुन २५)। तराईमा दाइजोको समस्या : 'जति पढ्यो त्यति बढी दाइजो लिन्छन्'। *बीबीसी नेपाली सेवा*। https://www.bbc.com/nepali/news-47507207

राई, पूर्ण पी। (२०७८, साउन २५)। कहाँ पुग्यो आदिवासी जनजाति आन्दोलन ? *हिमाल खबर*। https://www.himalkhabar.com/news/125368

दाइजोकै निहुँमा जलाइन्छन् महिला। (२०७४, फागुन २)। *सेतोपाटी*। https://ge2079.setopati.com/from-paper/132406

Dhakal, S. (2017). Consequences of ethnic and Madhesh Movements of Nepal. *KMC Research Journal, 1*(1), 27-33. https://doi.org/10.3126/kmcrj.v1i1.28242

Mishra, B. P. (2020). Lahanko Madhesh aandolan. *Historical Journal, 11*(1). https://nepjol.info/index.php/hj/article/view/34686

Parwez, M. (2006). An empirical analysis of the conflict in Nepal [Nepal resident mission working paper series no 7]. Asian Development Bank. https://www.adb.org/sites/default/files/publication/28689/wp7.pdf

नीति अनुसन्धान प्रतिष्ठान

POLICY RESEARCH INSTITUTE

नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारको नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश २०७५ बमोजिम आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, विकास, निर्माण, सुरक्षा, परराष्ट्र सम्बन्ध तथा शासकीय सुधार लगायत विभिन्न क्षेत्रका विविध पक्षमा नेपाल सरकारले अपनाउने वा अपनाएको नीतिको अध्ययन, विश्लेषण र अनुसन्धान गरी गर्नुपर्ने सुधारको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्न गठन गरिएको विशिष्ट प्रकृतिको विज्ञ संस्था हो ।

नीतिसम्बन्धी अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिनु प्रतिष्ठानको कार्यादेश हो । यसले विश्वविद्यालय र अनुसन्धान गर्ने संघ-संस्था लगायत परामर्शदाता र प्रतिष्ठानको आफ्नै अनुसन्धान समूहको माध्यमबाट काम गर्दछ र प्राप्त नतिजाहरू नेपाल सरकार र अन्य सम्बन्धित सरोकारवालाहरूसमक्ष प्रस्तुत गर्दछ । गुणस्तरीयता, वस्तुपरकता, सत्यनिष्ठा, विविधता, पारदर्शिता, जवाफदेहिता र सहभागिता प्रतिष्ठानका मूल मान्यताहरू हुन् ।

ज्ञान व्यवस्थापन नीति अनुसन्धान प्रतिष्ठानको एक महत्त्वपूर्ण पक्ष रहँदै आएको छ, जस अन्तर्गत नीति अनुसन्धानसम्बन्धी विषयमा छलफल तथा सिकाइको आदानप्रदान गर्ने संयन्त्र - सार्वजनिक नीति संवाद - सञ्चालन हुँदै आएको छ। नीति निर्माणका सन्दर्भमा तीन किसिमका ज्ञान - क) अनुसन्धान र विश्लेषण मार्फत प्राप्त वैज्ञानिक ज्ञान, ख) निजामती सेवाको अनुभवबाट प्राप्त प्रशासनिक ज्ञान र ग) आम नागरिकका अनुभव र सञ्चारमाध्यम लगायत सामाजिक तथा राजनीतिक प्रक्रियाबाट प्राप्त सामुदायिक ज्ञान - आवश्यक हुन्छ भन्ने विश्वासमा आधारित भई प्रतिष्ठानले नीति अनुसन्धान गर्दै आएको छ ।

9 789937 991131